केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ४४१९८०४/५
Web Site: www.nrb.org.np
पोष्ट बक्स:७३

नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग
पत्र संख्याः बै.वि.नि.वि./नीति/परिपत्र/८/०७९/८० मिति: २०७९/१०/२६

इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(डा.गुणाकर भट्ट)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
(२) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार।
(३) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
(४) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(५) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग।
(६) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
(७) श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग।
(८) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा।
(९) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली।
(१०)श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर।
(११) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार।

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त“क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

सि.नं.	निर्देशन नं.	विद्यमान व्यवस्था	संशोधित व्यवस्था
१.	इ.प्रा.नि.नं. १/०७८, ३.३ Capital Adequacy Framework 2007/2015 को 3.3(e)(1) को Product criteria मा संशोधन ।	3.3 RISK MEASUREMENT AND RISK WEIGHTS: Product criteria: - The exposure takes the form of any of the following: • Revolving credits and lines of credit, (including overdraft, hypothecation etc.) • Term loans and leases (e.g. hire purchase, auto loans and leases, student and educational loans) • Small business facilities and commitments, • Deprived sector loans up to a threshold of Rs.10 million (Ten Million only)	3.3 RISK MEASUREMENT AND RISK WEIGHTS: Product criteria: - The exposure takes the form of any of the following: • Revolving credits and lines of credit, (including **cash credit**, etc.) • Term loans and leases (e.g. hire purchase, auto loans and leases, **working capital term loans**, educational loans) • Small business facilities and commitments, • Deprived sector loans up to a threshold of Rs.10 million (Ten Million only)
२.	इ.प्रा.नि.नं. २/०७७ बुँदा नं. १(क) को उपबुँदा २ को (ई) मा संशोधन ।	साँवा र व्याज नियमित रुपमा भुक्तानी भएता पनि लगातार तीनवर्षदेखि खुद नोक्सानीमा रहेको वा नेटवर्थ ऋणात्मक भएका फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा । तर, (क) निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएका कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरु गरे पश्चात ३ पूर्ण आर्थिक वर्षको वित्तीय विवरणको आधारमा मात्र यो व्यवस्था लागू हुनेछ ।	(ई) साँवा र व्याज नियमित रुपमा भुक्तानी भएतापनि **नेटवर्थ ऋणात्मक भएका वा लगातार तीनवर्षदेखि खुद नोक्सानीमा रहेको** फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा । तर, (क) निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएका कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरु गरे पश्चात ३ पूर्ण आर्थिक वर्षको वित्तीय विवरणको आधारमा मात्र यो व्यवस्था लागू हुनेछ ।
३.	इ.प्रा.नि.नं. २/०७८ बुँदा नं. १ (क) को उपबुँदा २ को (ऋ) मा संशोधन ।	(ऋ) कर्जा स्वपुँजी अनुपात(Debt to Equity Ratio) ८०:२० भन्दा बढी हुने गरी प्रवाह भएका कर्जा ।	ऋ) कर्जा स्वपुँजी अनुपात (Debt to Equity Ratio) ८०:२० भन्दा बढी हुने गरी प्रवाह भएका कर्जा । **यस प्रयोजनका लागि सम्पत्तिको पुनर्मूल्यांकन गर्दा कुनै पनि फर्म, कम्पनी, वा संस्थाले सम्पत्ति पुनर्मूल्यांकन सम्बन्धी लेखामान मापदण्डको पूर्ण पालनाका आधारमा सिर्जित सम्पत्ति मात्र स्वपुँजीमा गणना गर्न पाउने छ ।**
४.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा २ मा संशोधन ।	**२. असल कर्जा सम्बन्धी थप व्यवस्था** बढीमा एक वर्षसम्म भुक्तानी अवधि भएको चालु पुँजी कर्जालाई नवीकरण गर्दा असल कर्जामा समावेश गर्न सकिने छ ।	**२. असल कर्जा सम्बन्धी थप व्यवस्था** **इजाजतपत्रप्राप्त संस्थाले ऋणीको कर्जा तिर्न सक्ने क्षमता, भावी नगद प्रवाह, आम्दानीको स्रोत जस्ता कर्जा**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त"क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

		इजाजतपत्रप्राप्त संस्थाले ऋणीको कर्जा तिर्न सक्ने क्षमता, भावी नगद प्रवाह, आम्दानीको स्रोत जस्ता कर्जा प्रवाहका न्यूनतम आधारहरुको विश्लेषण पश्चात कर्जा सदुपयोगको सुनिश्चितता हुने गरी मात्र कर्जा नवीकरण गर्नुपर्नेछ ।	**प्रवाहका न्यूनतम आधारहरुको विश्लेषण पश्चात कर्जा सदुपयोगको सुनिश्चितता हुने गरी मात्र कर्जा प्रवाह/नवीकरण गर्नुपर्नेछ ।**
५.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ३ को पहिलो वाक्यमा संशोधन ।	भाखा नाघेको वा ननाघेको कुनै पनिकर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ :-	भाखा नाघेको वा ननाघेको **कुनै पनि कर्जा/सापटलाई देहायको कुनै पनि अवस्थामा** खराब कर्जामा वर्गीकरण गर्नु पर्नेछ र सो को लागि **बैंक तथा वित्तीय संस्थाले उपयुक्त प्रणाली एवम् पूर्वाधारको विकास गर्नुपर्नेछ :**
६.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (५) को शीर्षकमा संशोधन ।	५. सुनचाँदी कर्जा सम्बन्धी थप व्यवस्था	५. सुनचाँदी **धितो** कर्जा सम्बन्धी थप व्यवस्था
७.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (५) को उपबुँदा (ग) मा संशोधन ।	(ग) बैंक तथा वित्तीय संस्थाहरुले कुनै व्यक्तिलाई सुनचाँदी कर्जा प्रवाह गर्दा त्यस्तो ऋणीले धितो स्वरुपदिएको सुन वा चाँदी जाँच गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्रकर्जा प्रवाह गर्नु पर्नेछ । यसरी कर्जा प्रवाह गर्दा ऋणीले धितो स्वरुप दिएको सुन वा चाँदी एउटै थैलीमा राखिएको हुनुपर्नेछ । कथंकदाचित् कुनै ऋणीले दिएको एकभन्दा बढी थैलीहरु वा एक भन्दा बढी थैलीहरु राखिएको एउटा थैली मात्र धितो राखी वा सुन चाँदीको परीक्षण जाँच नगरी सुन चाँदी कर्जा प्रवाह भएमा त्यस्तो कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।	(ग) कुनै व्यक्तिलाई सुनचाँदी **धितो** कर्जा प्रवाह गर्दा त्यस्तो ऋणीले धितोस्वरुप दिएको सुन वा चाँदी जाँच गरी कर्जा सुरक्षित रहेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसरी कर्जा प्रवाह गर्दा ऋणीले धितो स्वरुपदिएको सुन वा चाँदी एउटै थैलीमा राखिएको हुनुपर्नेछ । कथंकदाचित् कुनै ऋणीले दिएको एकभन्दा बढी थैलीहरु वा एकभन्दा बढी थैलीहरु राखिएको एउटा थैलीमात्र धितो राखी वा सुनचाँदीको परीक्षण जाँच नगरी सुनचाँदी **धितो** कर्जा प्रवाह भएमा त्यस्तो कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ ।
८.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (७) को उपबुँदा (क) मा संशोधन ।	**७. ग्रेस अवधि सम्बन्धी व्यवस्था** **(क)** सामान्यतया एक वर्षभन्दा बढी ग्रेस अवधि राखी आवधिक कर्जा प्रदान गर्न पाइने छैन । तर व्यवसाय तथा परियोजनाको प्रकृति अनुसार सो भन्दा बढी ग्रेस अवधि प्रदान गर्नुपर्ने भएमा के कति कारणले र कुन कुन आधारमा बढी ग्रेस अवधि कायम गर्नुपरेको हो सोको व्यहोरा खुलाई स्वीकृत गर्ने अख्तियार प्राप्त अधिकारीले ऋणीले पेश गरेको Project Report र सोको औचित्यको आधारमा निर्णय गर्न सक्नेछ र सो को अनुमोदन कर्जा स्वीकृत गर्न अख्तियार प्राप्त अधिकारी भन्दा एक तह	**७. ग्रेस अवधि सम्बन्धी व्यवस्था** **(क)** सामान्यतया एक वर्षभन्दा बढी ग्रेस अवधि राखी आवधिक कर्जा प्रदान गर्न पाइने छैन । तर व्यवसाय तथा परियोजनाको प्रकृति अनुसार सो भन्दा बढी ग्रेस अवधि प्रदान गर्नुपर्ने भएमा के कति कारणले र कुन कुन आधारमा बढी ग्रेस अवधि कायम गर्नुपरेको हो सोको व्यहोरा खुलाई स्वीकृत गर्ने अख्तियार प्राप्त अधिकारीले ऋणीले पेश गरेको Project Report र सोको औचित्यको आधारमा निर्णय गर्न सक्नेछ र सो को

		माथिल्लो अधिकारीबाट गराउनु पर्नेछ । यस प्रयोजनको लागि सबभन्दा माथिल्लो स्तर सञ्चालक समिति हुनेछ। एक पटक तय गरिएको ग्रेस अवधि थप गरेमा त्यस्तो कर्जालाई पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने र सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ। प्रष्टीकरण: ग्रेस अवधि भन्नाले कर्जा प्रवाह शुरु भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न शुरु हुने मिति बुझ्नु पर्नेछ।	अनुमोदन कर्जा स्वीकृत गर्न अख्तियार प्राप्त अधिकारी भन्दा एक तह माथिल्लो अधिकारीबाट गराउनु पर्नेछ । यस प्रयोजनको लागि सबभन्दा माथिल्लो स्तर सञ्चालक समिति हुनेछ। (ख) एक पटक तय गरिएको ग्रेस अवधि थप गरेमा त्यस्तो कर्जालाई पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने र सोहि बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ । **तर, विद्युत परियोजनाहरुको परिवर्तित Required Commercial Operation Date बमोजिम ग्रेस अवधि थप भएमा पुनरसंरचना/पुनरतालिकीकरण गरेको मानिने छैन ।** प्रष्टीकरण: ग्रेस अवधि भन्नाले कर्जा प्रवाह शुरु भएको मितिदेखि कर्जाको किस्ता भुक्तानी गर्न शुरु हुने मिति बुझ्नु पर्नेछ।
९.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ८ को उपबुँदा (१) तथा प्रष्टिकरणलाई संशोधन गरी उपबुँदा (१), (२) र (३) कायम गर्ने र क्रमसंख्या मिलान।	(१) ऋणीले पेश गरेको लिखित कार्य योजनामा उल्लिखित देहायका आधारमा इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएमा कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सक्नेछ :- (क) कर्जा सम्बन्धी कागजात तथा सुरक्षण पर्याप्त भएको प्रमाण, (ख) कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएको आधार, र (ग)कर्जालाई पुनरतालिकीकरण वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत ब्याज रकम असुल उपर भएको। *प्रष्टीकरण:* *यस प्रयोजनको लागि “पुनरतालिकीकरण” भन्नाले ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाउने*	**१.“पुनरतालिकीकरण” भन्नाले ग्राहकले लिएको कर्जा/सुविधाको भुक्तानी गर्ने अवधि/समय बढाउने प्रक्रियालाई बुझिनेछ।** **२. “पुनरसंरचना” भन्नाले कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने वा बन्देजहरु थपघट गर्ने प्रक्रियालाई बुझिनेछ।** **३. ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको कुनै अवस्था देखिएमा बैंक तथा वित्तीय संस्थामा** ऋणीले पेश गरेको लिखित कार्य योजनामा उल्लिखित देहायका आधारमा इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएमा कर्जालाई पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सक्नेछ :- (क) कर्जा सम्बन्धी कागजात तथा सुरक्षण पर्याप्त भएको प्रमाण, (ख) कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वस्त भएको आधार, तथा

		प्रक्रियालाई सम्झनु पर्छ । *“पुनरसंरचना” भन्नाले कर्जा/सुविधाको प्रकृति वा शर्तमा परिवर्तन गर्ने, बन्देजहरु थपघट गर्ने वा समय सीमामा हेरफेर गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।*	पुनरतालिकीकरण र/वा पुनरसंरचनामार्फत व्यवसायको निरन्तरताका सम्बन्धमा संस्था आश्वस्त भएमा, (ग) कर्जालाई पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत ब्याज रकम असुल उपर भएको ।
१०.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ८ को उपबुँदा (४) थप गरी क्रमसंख्या मिलान ।	हाल नभएको ।	**४. <u>ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको बुझिने अवस्थाहरु</u>: देहायका कुनै एक अवस्था भएमा ऋणीको ऋण तिर्ने क्षमतामा ह्रास आएको मानिने छ :** १. **Cost Overrun, Time Overrun, Cashfow Mismatch जस्ता अल्पकालिन कारणले आम्दानीमा ह्रास आई कर्जाको किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी नभएमा ।** २. **कर्जाको किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी भएतापनि प्रतिकूल बाह्य अवस्था वा अन्य कुनै कारणले ऋणीको भविष्यका किस्ता वा ब्याज निर्धारित भाखामा भुक्तानी हुन नसक्ने अवस्था सिर्जना भएमा ।** ३. **ऋणी कम्पनी नेपाल स्टक एक्सचेन्ज लि.बाट डिलिस्टि(De list) भएमा वा डिलिस्टि(De list) हुने प्रक्रियामा रहेमा ।** ४. **कर्जाको किस्ता वा ब्याज भुक्तानीको लागि ऋणीको वास्तविक वित्तीय अवस्था वा अनुमानित वित्तीय अवस्था पर्याप्त नभएमा ।**
११.	इ.प्रा. निर्देशन नं.	(१) यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा तथा बिल्स	(१) यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा तथा

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त“क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

	२/०७८ को बुँदा (९) को उपबुँदा (१) मा संशोधन ।	खरिदको लागि बक्यौता साँवा रकमको आधारमा देहायबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :- **कर्जा वर्गीकरण न्यूनतम कर्जा नोक्सानी व्यवस्था** (क) असल १ प्रतिशत (ख) सुक्ष्म निगरानी ५ प्रतिशत (ग) कमसल २५ प्रतिशत (घ) शंकास्पद ५० प्रतिशत (ङ) खराब १०० प्रतिशत तर, कोभिड १९ महामारीको कारणले बैंकिङ सम्पत्तिको गुणस्तरमा परेको प्रभावलाई दृष्टिगत गरी समग्र वित्तीय स्थायित्व प्रबर्धन गर्न असल बर्गमा वर्गीकरण भएका कर्जाको हकमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आ.व. २०७७/७८ को वार्षिक वित्तीय विवरण तयार गर्दादेखि साधारण कर्जा नोक्सानी व्यवस्था १ प्रतिशतको अतिरिक्त ०.३ प्रतिशत थप गरी कुल १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ ।	बिल्स खरिदको लागि बक्यौता साँवा रकमको आधारमा देहायबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :- **कर्जा वर्गीकरण न्यूनतम कर्जा नोक्सानी व्यवस्था** **(क) असल १.३ प्रतिशत** (ख) सुक्ष्म निगरानी ५ प्रतिशत (ग) कमसल २५ प्रतिशत (घ) शंकास्पद ५० प्रतिशत (ङ) खराब १०० प्रतिशत
१२.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (९) को उपबुँदा (२) मा संशोधन ।	(२) एक वर्ष भन्दा बढी ग्रेस अवधि भएका उर्जा लगायतका पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनाहरुमा प्रवाहित असल कर्जाहरुको ग्रेस अवधिसम्म प्रत्येक वर्ष समानुपातिक रुपमा कर्जा नोक्सानी व्यवस्था गरी अन्तिम वर्ष १ प्रतिशत सामान्य कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । *उदाहरणको लागि, कुनै कर्जाको ग्रेस अवधि ४ वर्ष रहेछ भने त्यस्तो कर्जाको लागि पहिलो वर्ष ०.२५ प्रतिशत, दोस्रो वर्ष ०.५० प्रतिशत, तेश्रो वर्ष ०.७५ प्रतिशत र चौथो वर्षदेखि १ प्रतिशत साधारण कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ ।*	(२) एक वर्ष भन्दा बढी ग्रेस अवधि भएका उर्जा लगायतका पूर्वाधार निर्माणसँग सम्बन्धित परियोजनाहरुमा प्रवाहित असल कर्जाहरुको ग्रेस अवधिसम्म प्रत्येक वर्ष समानुपातिक रुपमा कर्जा नोक्सानी व्यवस्था गरी अन्तिम वर्ष **१.३** प्रतिशत सामान्य कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । *उदाहरणको लागि, कुनै कर्जाको ग्रेस अवधि ४ वर्ष रहेछ भने त्यस्तो कर्जाको लागि पहिलो वर्ष **०.३२५** प्रतिशत, दोस्रो वर्ष **०.६५** प्रतिशत , तेश्रो वर्ष **०.९७५** प्रतिशत र चौथो वर्षदेखि **१.३** प्रतिशत साधारण कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने*

			छ ।
१३.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ९मा उपबुँदा (४) को खण्ड (क)मा संशोधन तथा क्रम संख्या मिलान ।	(क) पुनरसंरचना वा पुनरतालिकीकरण गर्ने समयमा असल वर्गमा वर्गीकरण भैरहेका कर्जालाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । कमसल, शंकास्पद तथा खराब वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना वा पुनरतालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्थामा लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न पाइने छैन । किस्तावन्दी वा सम मासिक किस्ता (Equal Monthly Installment, EMI) मा प्रदान गरिएका कर्जाको हकमा कर्जाको साँवा तथा ब्याज नियमित रहेको अवस्थामा देहायको त्यस्तो कर्जाको लागि पुनरसंरचना वा पुनरतालिकीकरण सरह थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछैन । (अ) कर्जाको किस्ता अग्रिम भुक्तानी भएको (Prepayment) कारणले किस्तावन्दीको रकम एवम् किस्ता संख्या कम भएमा । (आ) परिवर्तनशील ब्याजदर भएका कर्जाको ब्याजदर परिवर्तन भएको कारणबाट कर्जाको समयावधि तथा किस्ता रकम परिवर्तन भएमा । यस प्रसँगमा ब्याजदर बढेर कर्जाको समयावधि तथा किस्ता संख्या थपिन गएमा कर्जा स्वीकृत गर्ने समयमा निर्धारण गरिएका किस्ता रकम घटाउन पाइने छैन । त्यस्तै, ब्याजदर कम भई कर्जाको समयावधि तथा किस्ता संख्या घट्न गएमा पनि कर्जा स्वीकृत गर्ने बेलामा निर्धारित किस्ता रकम घटाउन पाइने छैन ।	(क) पुनरसंरचना र/वा पुनरतालिकीकरण गर्ने समयमा **सक्रिय** वर्गमा वर्गीकरण भैरहेका कर्जालाई **देहायबमोजिमका सबै अवस्थाको पालना गरी** पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा न्यूनतम १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ : **अ. पहिलो पटक पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा ।** **आ.समान किस्तामा भुक्तानी हुनेगरी पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा ।** **इ. बढीमा एक वर्षसम्म ग्रेस अवधि राखी कर्जा पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा ।** **(ख) पुनरसंरचना र/वा पुनरतालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भैरहेका कर्जालाई माथि बुँदा नं. (क) मा उल्लेखित बाहेकको अवस्थामा पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएमा न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । कमसल, शंकास्पद तथा खराब वर्गमा वर्गीकरण भैसकेका कर्जाहरुलाई पुनरसंरचना र/वा पुनरतालिकीकरण गर्दा पूर्ववत् कायम गरिएको कर्जा नोक्सानी व्यवस्था कायम राख्नु पर्नेछ । पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएका कर्जामा कायम कर्जा नोक्सानी व्यवस्था लगातार दुईवर्षसम्म कर्जा नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न पाइने छैन ।** **(ग)** किस्तावन्दी वा सम मासिक किस्ता (Equal Monthly Installment, EMI) मा प्रदान गरिएका कर्जाको हकमा कर्जाको साँवा तथा ब्याज नियमित रहेको अवस्थामा देहायको त्यस्तो कर्जाको लागि

			पुनरसंरचना र/वा पुनरतालिकीकरण सरह थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछैन । (अ) कर्जाको किस्ता अग्रिम भुक्तानी भएको (Prepayment) कारणले किस्तावन्दीको रकम एवम् किस्ता संख्या कम भएमा । (आ) परिवर्तनशील ब्याजदर भएका कर्जाको ब्याजदर परिवर्तन भएको कारणबाट कर्जाको समयावधि तथा किस्ता रकम परिवर्तन भएमा । यस प्रसँगमा ब्याजदर बढेर कर्जाको समयावधि तथा किस्ता संख्या थपिन गएमा कर्जा स्वीकृत गर्ने समयमा निर्धारण गरिएका किस्ता रकम घटाउन पाइने छैन । त्यस्तै, ब्याजदर कमभई कर्जाको समयावधि तथा किस्ता संख्या घट्न गएमा पनि कर्जा स्वीकृत गर्ने बेलामा निर्धारित किस्ता रकम घटाउन पाइने छैन ।
१४.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदानं. ९ मा उपबुँदा (४) को खण्ड (ख) मा संशोधन ।	(ख) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा किस्ता तथा ब्याजको भुक्तानी लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा त्यस्ता कर्जालाई असल कर्जामा परिणत गर्न सकिने छ ।	(ख) पुनरसंरचना र/वा पुनरतालिकीकरण गरिएका कर्जाको साँवा किस्ता तथा ब्याजको भुक्तानी **(ग्रेस अवधि भएको अवस्थामा ग्रेस अवधि सकिए पश्चात)** लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा त्यस्ता कर्जालाई असल कर्जामा परिणत गर्न सकिने छ ।
१५.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (९) को उपबुँदा (४) को खण्ड (ग) मा संशोधन तथा उपखण्ड (इ) थप ।	(ग) बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाको ब्याजमा वृद्धि, उत्पादन क्षमता(Production Capacity)विस्तार भई लगानीमा हुने वृद्धि वा अन्यलागतमा वृद्धि जस्ता कारणले शुरुमा तोकिएको कर्जा भुक्तानी गर्ने अवधि(Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार, सिमेन्ट,तारे होटलवा अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका शर्त पुरा गरी पुनरतालिकीकरण/पुनरसंरचना गरेको अवस्थामा १ प्रतिशतमात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने छ । यसरी पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जालाई	(ग) बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह भएका परियोजनाको उत्पादन क्षमता (Production Capacity) विस्तार **हुने सुनिश्चित** भई लगानीमा हुने वृद्धि वा अन्य लागतमा वृद्धि जस्ता कारणले शुरुमा तोकिएको कर्जा भुक्तानी गर्ने अवधि(Repayment Schedule) मा कर्जा चुक्ता गर्न सक्ने स्थिति नरहेका ऋणीमध्ये राष्ट्रिय प्राथमिकतामा रहेका हाईड्रोपावर, केवलकार, सिमेन्ट, तारे होटल वा अन्य पूर्वाधार निर्माण सम्बन्धी परियोजनाहरुलाई देहायका शर्त पुरा गरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरेको अवस्थामा **१.३** प्रतिशतमात्र कर्जा नोक्सानी व्यवस्था

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त"क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

		असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ । तर, आर्थिक वर्ष २०७७/७८ देखी उपर्युक्त बमोजिम पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जाहरुमाकर्जा नोक्सानी व्यवस्था १.३ प्रतिशत कायम गर्नुपर्नेछ ।	कायम गर्न सकिने छ । यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका कर्जालाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ । **(इ) बैंक तथा वित्तीय संस्थाबाट परियोजनाको उत्पादन क्षमता (Production Capacity) विस्तार भएको सुनिश्चित गनुपर्ने ।**
१६.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (९) को उपबुँदा (४) को खण्ड (घ) मा संशोधन ।	(घ) बैंक तथा वित्तीय संस्थाले कुखुरापालन व्यवसायका लागि प्रवाह गरेको कर्जा बर्डफ्लु रोगका कारण साविकको भुक्तानी तालिका वा शर्त बमोजिम चुक्ता गर्न नसक्ने भई कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु परेमा एक पटकलाई ऋणीको ऋण तिर्ने लिखित योजना, धितो सुरक्षणको पर्याप्तता र भविष्यमा ऋण तिर्न सक्ने क्षमताका आधारमा पुनसंरचना वा पुनरतालिकीकरण गरेको अवस्थामा १ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सक्ने गरी पुनरतालिकीकरण/पुनरसंरचना गर्न सकिने छ । यसरी पुनरतालिकीकरण/पुनरसंरचना गरिएका कर्जाहरुलाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ ।	(घ) बैंक तथा वित्तीय संस्थाले कुखुरापालन व्यवसायका लागि प्रवाह गरेको कर्जा बर्डफ्लु रोगका कारण साविकको भुक्तानी तालिका वा शर्त बमोजिम चुक्ता गर्न नसक्ने भई कर्जा पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु परेमा एक पटकलाई ऋणीको ऋण तिर्ने लिखित योजना, धितो सुरक्षणको पर्याप्तता र भविष्यमा ऋण तिर्न सक्ने क्षमताका आधारमा पुनसंरचना वा पुनरतालिकीकरण गरेको अवस्थामा **१.३** प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सक्ने गरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गर्न सकिने छ । यसरी पुनरतालिकीकरण र/वा पुनरसंरचना गरिएका कर्जाहरुलाई असल कर्जाको रुपमा वर्गीकरण गर्न सकिने छ ।
१७.	इ.प्रा.नि. नं. २/०७८ बुँदा नं. ९ को उपबुँदा नं. (६) को खण्ड (ख)मा संशोधन ।	इ.प्रा. निर्देशन नं. ३ को बुँदा नं. ३ को खण्ड (ख) मा उल्लिखित संस्थालाई प्रदान गरेको कर्जा	इ.प्रा. निर्देशन नं. ३ को बुँदा नं. **४** को खण्ड (ख) मा उल्लिखित संस्थालाई प्रदान गरेको कर्जा
१८.	इ.प्रा.नि.नं.२/०७८ बुँदा नं.९ को उपबुँदा (६) को खण्ड (ङ)को (ई) मा संशोधन ।	(ङ) देहायका शर्त पालना हुने गरी प्रवाह भएको रु १५लाखसम्मको व्यक्तिगत कर्जा । (ई) सम मासिक किस्ता (Equal Monthly Installment) मा कर्जा भुक्तानी हुने गरी भुक्तानी तालिका तय हुनुपर्ने । यस्तो कर्जाको अधिकतम समयावधि ५ वर्षसम्म मात्र हुनेछ । तर, इजाजतपत्रप्राप्त संस्थाले चाहेमा रु. १५ लाखको सीमाभित्र रही बढीमा रु. ५ लाखसम्मको Revolving प्रकृतिको कर्जा प्रदान	(ङ) देहायका शर्त पालना हुने गरी प्रवाह भएको रु १५ लाखसम्मको व्यक्तिगत कर्जा । (ई) सम मासिक किस्ता (Equal Monthly Installment) मा कर्जा भुक्तानी हुने गरी भुक्तानी तालिका तय हुनुपर्ने । यस्तो कर्जाको **अधिकतम समयावधि ७ वर्षसम्म** मात्र हुनेछ । तर, इजाजतपत्रप्राप्त संस्थाले चाहेमा रु १५ लाखको **सीमाभित्र** रही बढीमा रु. ५ लाखसम्मको

		गर्न सक्ने छन् ।	overdraft कर्जा प्रदान गर्न सक्ने छन् ।
१९.	इ.प्रा.नि. नं. २/०७८ बुँदा नं. ९ को उपबुँदा नं. (६) को खण्ड (ङ) को (उ) मा संशोधन ।	कोभिड-१९ बाट प्रभावित विभिन्न पेशामा संलग्न पेशागत व्यवसायीहरुलाई प्रदान गरिने कर्जा ।	कोभिड-१९ बाट प्रभावित विभिन्न पेशामा संलग्न पेशागत व्यवसायीहरुलाई **मिति २०७९ माघ मसान्त** सम्ममा प्रदान गरिएको कर्जा ।
२०.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ९मा उपबुँदा (८) मा संशोधन ।	(८) इजाजतपत्रप्राप्त संस्थाले चाहेमा माथिल्लो वर्गको कर्जा सापटलाई तल्लो वर्गमा वर्गीकरण गर्न कुनै बन्देज लगाइएको छैन । उदाहरणका लागि कमसल कर्जालाई शंकास्पद वा खराब कर्जामा र शंकास्पदलाई खराब कर्जामा वर्गीकरण गर्न पाइने छ ।	(८) इजाजतपत्रप्राप्त संस्थाले अर्थतन्त्रमा देखिने **असहज अवस्था वा अन्य कुनै कारणले ऋणीको कर्जा तिर्ने क्षमतामा ह्रास आउने विश्लेषण गरेमा** कर्जा सापटलाई तल्लो वर्गमा वर्गीकरण गर्न **सक्नेछन् ।** उदाहरणका लागि कमसल कर्जालाई शंकास्पद वा खराब कर्जामा र शंकास्पदलाई खराब कर्जामा वर्गीकरण गर्न सकिने छ ।
२१.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (११) को उपबुँदा (४) (ख) मा संशोधन ।	आफ्नो संस्थाको नाममा रहेको गैर बैंकिङ सम्पत्तिको लिलाम गर्नुपूर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट यथार्थपरक मूल्याङ्कन गराउनु पर्नेछ ।	आफ्नो संस्थाको नाममा रहेको गैर बैंकिङ सम्पत्तिको लिलाम गर्नुपूर्व स्वतन्त्र मूल्याङ्कनकर्ताबाट यथार्थपरक मूल्याङ्कन गराउनु पर्नेछ । **तर, एउटै मूल्याङ्कनकर्ताबाट लगातार एकपटक भन्दा बढी सोही सम्पत्तिको मूल्याङ्कन गराउन पाइने छैन ।**
२२.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (१२) को उपबुँदा (३) मा संशोधन ।	(३) ऋणी र ऋणसँग सम्बन्धित पक्षहरुलाई यस बैंकको निर्देशनबमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश गरिसकेको हुनु पर्नेछ । तर, उपबुँदा(१) बमोजिम तयार गरेको कार्यविधिको व्यवस्था अन्तर्गत हुने गरी रु. ५० हजार भन्दा कम रकमको कर्जा अपलेखन गर्दा उपबुँदा (२) र यो व्यवस्था अनिवार्य हुने छैन ।	(३) ऋणी र ऋणसँग सम्बन्धित पक्षहरुलाई यस बैंकको निर्देशनबमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा समावेश गरिसकेको हुनु पर्नेछ । तर, उपबुँदा (१) बमोजिम तयार गरेको कार्यविधिको व्यवस्था अन्तर्गत हुने गरी रु. **२ लाख** भन्दा कम रकमको कर्जा अपलेखन गर्दा उपबुँदा **(२)(ख), २(ग)** र यो व्यवस्था अनिवार्य हुने छैन ।
२३.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (१७) को उपबुँदा (क) को खण्ड (१) मा संशोधन ।	(१) ऋणीको नाममा रहेको शेयरको खण्ड (२) बमोजिम मूल्यांकन गरी रोक्का गरे पश्चातमात्र यस्तो कर्जा प्रवाह गर्नुपर्नेछ ।	(१)**धितोको रुपमा राखिने** शेयरको खण्ड (२) बमोजिम मूल्यांकन गरी रोक्का गरे पश्चात मात्र यस्तो कर्जा प्रवाह गर्नुपर्नेछ ।
२४.	इ.प्रा. निर्देशन नं.२ को बुँदा नं. २५ को उपदफा (आ) मा संशोधन ।	विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्रयोजन नखुलेका कुल व्यक्तिगत अधिविकर्ष कर्जा अधिकतम प्रतिव्यक्ति रु. ५० लाखसम्ममात्र प्रवाह गर्न सकिनेछ । कर्जा प्रवाह गर्ने बैंक तथा	विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्रयोजन नखुलेका कुल व्यक्तिगत अधिविकर्ष कर्जा अधिकतम प्रतिव्यक्ति रु. ५० लाखसम्ममात्र प्रवाह गर्न सकिनेछ । कर्जा प्रवाह गर्ने

		वित्तीय संस्थाले कर्जा प्रवाह गर्दाका बखत उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । यसअघि बहुबैंकिङ कारोबार गरी उक्त सीमाभन्दा बढी कर्जा लिएका ऋणीहरुले २०७८ असार मसान्तसम्म कुल व्यक्तिगतअधिविकर्ष कर्जा रु. ५० लाखसम्म कायम गर्नु पर्नेछ । तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । (उदाहरणको लागि कुनै एक व्यक्तिले कुनै एक बैंक वा वित्तीय संस्थाबाट रु. २० लाख व्यक्तिगत अधिविकर्ष कर्जा लिएमा सोहि वा अन्य कुनै बैंक वा वित्तीय संस्थाबाट थप रु. ३० लाखसम्म मात्र व्यक्तिगत अधिविकर्ष कर्जा लिनपाइने छ ।)	बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्दाका बखत उक्त सीमा ननाघेको यकिन गरेर मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । तोकिएको सीमा नाघी कर्जा प्रवाह गरे**मा वा २०७८ असार मसान्तसम्ममा तोकिएको सीमा कायम नभएको पाईएमा** बैंक तथा वित्तीय संस्थाले उक्त कर्जामा शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । (उदाहरणको लागि कुनै एक व्यक्तिले कुनै एक बैंक वा वित्तीय संस्थाबाट रु. २० लाख व्यक्तिगत अधिविकर्ष कर्जा लिएमा सोहि वा अन्य कुनै बैंक वा वित्तीय संस्थाबाट थप रु. ३० लाखसम्म मात्र व्यक्तिगत अधिविकर्ष कर्जा लिन पाइने छ ।)
२५.	इ.प्रा. निर्देशन नं.२ को बुँदा नं. २५ को उपदफा (इ) मा हटाइ क्रमसंख्या मिलान ।	बैंक तथा वित्तीय संस्थाले २०७७ असार मसान्तसम्म यस्तो कर्जा उपबुँदा (अ) मा तोकिएको सीमाभन्दा बढी प्रवाह गरेको भएमा २०७८ असार मसान्तभित्र क्रमिक रुपमा तोकिएको सीमाभित्र ल्याइसक्नुपर्नेछ ।	हटाइएको ।
२६.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (३२)मा संशोधन ।	**३२. सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्थाः** (क) “सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५”(कार्यविधि २.२ मा संलग्न)बमोजिम प्रवाहित कर्जामा नेपाल सरकारबाट प्रदान गरिएको अनुदान रकम यस बैंकले उपलब्ध गराउने छ । उक्त कार्यविधि बमोजिम कर्जा प्रवाह गरी नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदानवापतको रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिमभार प्रदान गर्न सकिनेछ । (ख) यस कार्यविधिमा उल्लिखित सहुलियतपूर्ण कर्जाहरु मध्ये कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य कर्जा शीर्षकमा ग्रामीण इलाकालाई प्राथमिकतामा राखी २०७८ असार मसान्त सम्ममा वाणिज्य बैंकले ५०० वा न्यूनतम प्रति शाखा १० तथा राष्ट्रियस्तरका विकास बैकले ३०० वा न्यूनतम प्रतिशाखा ५ मध्ये जुन बढी हुन्छ सोहीबमोजिम सहुलियतपूर्ण कर्जा प्रदान गर्नु पर्नेछ । राष्ट्रियस्तरबाहेकका विकास बैंक तथा वित्त	**३२. सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्थाः** (क) “सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५”बमोजिम प्रवाहित कर्जामा नेपाल सरकारबाट प्रदान गरिएको अनुदान रकम यस बैंकले उपलब्ध गराउने छ। उक्त कार्यविधि बमोजिम कर्जा प्रवाह गरी नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान वापतको रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिमभार प्रदान गर्न सकिनेछ । (ख) बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा प्राप्त गरेका ऋणीको विवरण आफ्नो वेबसाइटमार्फत त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

		कम्पनीले क्रमशःन्यूनतम २०० र १०० वटा सहुलियतपूर्ण कर्जा प्रदान गर्नु पर्नेछ । (ग) बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जा प्राप्त गरेका ऋणीको विवरण आफ्नो वेबसाइटमार्फत त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।	
२७.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (३४) मा संशोधन ।	**३४. क्रेडिट रेटिङ्ग** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने छ र यस्तो रेटिङ्ग प्रत्येक २ वर्षमा अद्यावधिक गर्नुपर्ने छ ।	**३४. क्रेडिट रेटिङ्ग** इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. ५० करोड वा सो भन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह वा नवीकरण गर्दा ऋणी संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट गरिएको रेटिङ्गलाई कर्जा मूल्याङ्कनको आधारको रुपमा लिनुपर्ने छ ।
२८.	इ.प्रा.निर्देशन नं. २/०७८ को बुँदा नं. ३८ थप गरी क्रमसंख्या मिलान ।	**हाल नभएको ।**	**बैंक तथा वित्तीय संस्थाले ब्याज आम्दानीको लेखांकन गर्दा यस बैंकबाट जारी भएको Guideline on Recognition of Interest Income, 2019 बमोजिम गर्नु पर्नेछ ।**
२९.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (३८) को उपबुँदा (२) मा संशोधन ।	(२) इजाजतपत्रप्राप्त संस्थाले रु. २ करोड सम्मको खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, निर्यातजन्य उद्योग, शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय एवम् उद्यम व्यवसाय (आयातसम्बन्धी व्यवसायबाहेक) सञ्चालनका लागि कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्ममात्र थप गरी ऋणको ब्याज तोक्नु पर्नेछ । रु २० लाख सम्मका यस्ता कर्जा प्रवाहगर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् र प्रत्येक शाखाले यसप्रकारको कर्जासम्बन्धी निवेदन प्राप्त भएको सात कार्य दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुन नसक्ने भएमा सोको स्पष्ट कारण समेत उल्लेख गरी सम्बन्धित ग्राहकलाई लिखित रुपमा दिनुपर्ने छ ।	(२) इजाजतपत्रप्राप्त संस्थाले रु. २ करोड सम्मको खाद्यान्न उत्पादन, पशुपंक्षी, मत्स्यपालन, निर्यातजन्य उद्योग, हस्तकला तथा सीपमूलक व्यवसाय, उद्यम व्यवसाय (आयात सम्बन्धी व्यवसाय बाहेक) र **शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग** सञ्चालनका लागि कर्जा प्रवाह गर्दा आधार दरमा २ प्रतिशतसम्म मात्र थप गरी ऋणको ब्याज तोक्नु पर्नेछ । रु २० लाख सम्मका यस्ता कर्जा प्रवाह गर्दा मोटर बाटो नभएको खेतीयोग्य जमिनलाई पनि बैंक तथा वित्तीय संस्थाले धितोको रुपमा स्वीकार गर्न सक्नेछन् र प्रत्येक शाखाले यस प्रकारको कर्जासम्बन्धी निवेदन प्राप्त भएको सात कार्य दिनभित्र स्वीकृत गर्नुपर्ने र स्वीकृत हुननसक्ने भएमा सोको स्पष्ट कारण समेत उल्लेख गरी सम्बन्धित

			ग्राहकलाई लिखित रुपमा दिनुपर्ने छ ।
३०.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा ३९ मा संशोधन ।	कफी, सुन्तला, चिया जस्ता कृषि उत्पादनमूलक व्यवसाय र पशुपालन तथा दुग्धजन्य उत्पादनमूलक व्यवसायका लागि रु. ५ करोड लाखसम्मको कर्जा प्रवाह गर्दा सम्भाव्यताका आधारमा परियोजनाकै धितोमा कर्जा प्रवाह गर्न सकिने छ। यस सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित ग्राहकले स्पष्ट व्यहोरा खुलाई यस बैंकमा गुनासो गर्नसक्ने छन् ।	कफी, सुन्तला, चिया जस्ता कृषि उत्पादनमूलक व्यवसाय र पशुपालन तथा दुग्धजन्य उत्पादनमूलक व्यवसायका लागि रु. ५ करोड सम्मको कर्जा प्रवाह गर्दा सम्भाव्यताका आधारमा परियोजनाकै धितोमा कर्जा प्रवाह गर्न सकिने छ । यस सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित ग्राहकले स्पष्ट व्यहोरा खुलाई यस बैंकमा गुनासो गर्नसक्ने छन् ।
३१.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा ४० मा संशोधन ।	**४०. कर्जा असुली सम्बन्धी कारवाही सम्बन्धमा** एक वर्ष भन्दा बढी अवधिको लागि प्रवाह भएको कर्जा असुलीको लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारबाही सुरु गर्नु अघि कर्जाले भाखा नाघेको कम्तीमा ६ महिना व्यतित भई कम्तीमा शंकास्पद वर्गमा वर्गीकरण भएको हुनु पर्नेछ ।	**४०. कर्जा असुली सम्बन्धी कारवाही सम्बन्धमा** (१) एक वर्ष भन्दा बढी अवधिको लागि प्रवाह भएको कर्जा असुलीको लागि सार्वजनिक सूचना तथा धितो लिलामीको कारबाही सुरु गर्नु अघि कर्जाले भाखा नाघेको कम्तीमा ६ महिना व्यतित भई शंकास्पद वर्गमा वर्गीकरण भएको हुनु पर्नेछ । **(२) कर्जा असुलीको लागि सार्वजनिक सूचना प्रकाशित गर्दा प्राकृतिक व्यक्तिको तस्विर प्रकाशन गर्न पाईने छैन ।**
३२.	इ.प्रा.नि.नं.२/०७८ बुँदा नं. (४२) मा संशोधन ।	**४२. ब्याज पुँजीकरण गर्ने सम्बन्धमा** (१) परियोजना कर्जाको ग्रेस (Moratorium) अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन । तर, देहायबमोजिमका राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरिएका कर्जाको हकमा यस बैंकको पूर्व स्वीकृति लिई पुँजीकरण गर्न बाधा पुगेको मानिने छैन । (क) जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग, (ख) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग, (ग) औषधि उद्योग, (घ) केबुलकार उद्योग, (ङ) चिनी उत्पादन सम्बन्धी उद्योग, (च) दूग्ध जन्य वस्तु उत्पादन उद्योग,	**४२. ब्याज पुँजीकरण गर्ने सम्बन्धमा** (१) परियोजना कर्जाको ग्रेस / Moratorium अवधिमा पाकेको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन । तर, देहायबमोजिमका प्राथमिकता प्राप्त क्षेत्रमा **आवश्यकता एवं औचित्यका आधारमा ब्याज पुँजीकरण** गर्न बाधा पुगेको मानिने छैन । क) जलविद्युत उत्पादन, प्रशारण तथा वितरण लगायतका उर्जामूलक उद्योग, (ख) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने क्लिङ्कर तथा सिमेन्ट उत्पादन सम्बन्धी उद्योग, (ग) औषधि उद्योग, (घ) केबुलकार उद्योग, (ङ) चिनी उत्पादन सम्बन्धी उद्योग, (च) दुग्ध जन्य वस्तु उत्पादन उद्योग,

		(छ) नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र (ज) परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने पर्यटक स्तरीय होटलहरु (झ) अस्पताल (ञ) फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनाहरु । तर, (अ) निर्माणाधीन आयोजनामा प्रवाहित कर्जाको ग्रेस अवधिमा पाकेको ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति पाइसकेका कर्जाको हकमा २०७९ असार मसान्तसम्म पुँजीकरण गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । (आ) ब्याज पुँजीकरणको लागि यस बैंकबाट स्वीकृति प्राप्त गरिसकेका विद्युत परियोजनाहरुको Required Commercial Operation Date परिवर्तन भएमा परिवर्तित अबधिसम्मको ब्याज पुँजीकरण गर्न यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । (इ) जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रुपमा पुँजीकरण गर्न यस बैंकको स्वीकृति लिनु आवश्यक पर्ने छैन । (२) ब्याज पूँजीकरणका लागि बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गरी कर्जाको पहिलो किस्ता प्रदान गरेको ३० दिनभित्र यस बैंकमा पुँजीकरणका लागि निवेदन पेश गर्नुपर्नेछ ।	(छ) नेपाल सरकारको सम्बन्धित निकायवाट मनसाय पत्र प्राप्त गरेका मेडिकल कलेजहरु र (ज) पर्यटक स्तरीय तारे होटलहरु (झ) अस्पताल (ञ) फलफूल, मसला, जडिबुटी लगायतका दीर्घकालीन कृषि परियोजनाहरु (ट) स्वदेशी कच्चा पदार्थ प्रयोग हुने लेदो रेशा (पल्प) तथा कागज उद्योग । (२) जलविद्युत् आयोजना सम्पन्न भई उत्पादन प्रारम्भ गरेतापनि प्रसारण लाईन निर्माण नभएको कारण पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका आयोजनाको हकमा प्रसारण लाइन निर्माण भई सञ्चालनमा नआउँदासम्मको लागि ब्याज रकमलाई खुद बिक्री आम्दानीले नधानेको हदसम्म आंशिक रुपमा पुँजीकरण गर्न सकिनेछ । **(३) यसरी ब्याज पूँजीकरण गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले निर्णय गर्नु पर्नेछ ।** **(४) पुनरसंरचना वा पुनरतालिकीकरण गरिएको कर्जाको ब्याजलाई पुँजीकरण गर्न पाइने छैन ।** **(५) ग्रेस / Moratorium अवधिको ब्याजलाई पुँजीकरण गर्दा पुँजीकृत ब्याज रकमलाई Interest Capitalized Term Loan (ICTL) शीर्षकमा छुट्टै लेखांकन गर्नु पर्नेछ ।** **(६) परियोजनाको नगद प्रवाह विश्लेषण गरी ICTL को भुक्तानी अवधि सम्बन्धित बैंक तथा वित्तीय संस्थाले तोक्न सक्नेछ ।**
३३.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा ४३ को उपबुँदा ख मा संशोधन ।	४३. ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) कायम गर्ने सम्बन्धमा : (ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानीमध्ये कर तिर्नु पर्ने आयको हकमा कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक करचुक्ता प्रमाणपत्रको आधारमा ऋणीको वार्षिक	४३. ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio)कायम गर्ने सम्बन्धमा : (ख) ऋणीले बुँदा नं.(क) बमोजिम पेश गरेको आम्दानीमध्ये कर तिर्नु पर्ने आयको हकमा कर चुक्ता/दाखिला गरेको र/वा अद्यावधिक कर चुक्ता

		कुलआय (Gross Income) गणना गर्नु पर्नेछ ।	प्रमाणपत्रको आधारमा ऋणीको वार्षिक कुल आय (Gross Income) गणना गर्नु पर्नेछ । **साथै, कर्जा अवधिभर आम्दानीसँग सम्बन्धित कर दाखिला/चुक्ता प्रमाणपत्र वार्षिक रुपमा लिई ऋणीको ऋण भुक्तानी आम्दानी अनुपात (Debt Service to Gross Income Ratio) अद्यावधिक गर्नुपर्नेछ ।**
३४.	इ.प्रा. निर्देशन नं. २/०७८ को बुँदा (४४) हटाई क्रमसंख्या मिलान ।	**४४. किस्ता रकम कम गर्ने सम्बन्धमा :** बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गरेका ऋणीहरुमध्ये कोभिड-१९ को कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीहरुलाई बैंक तथा वित्तीय संस्था स्वयम्ले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सक्नेछन् । यस किसिमको परिवर्तनलाई कर्जाको पुनरसंरचना वा पुनरतालिकीकरण मानिने छैन ।	**हटाइएको ।**
३५.	इ.प्रा. निर्देशन नं. ३/०७८ को बुँदा (१)थप गरी क्रमसंख्या मिलान ।	हाल नभएको ।	**(१)एकल ग्राहक कर्जा सीमा:** **कुनै एक इजाजतपत्रप्राप्त संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गर्नसक्ने कर्जाको तोकिएको अधिकतम सीमालाई एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) भनिन्छ ।**
३६.	इ.प्रा. निर्देशन नं. ३/०७८ को बुँदा (१) को पहिलो अनुच्छेदमा संशोधन ।	कर्जा सापट तथा सुविधाको सीमानिर्धारण: इजाजतपत्रप्राप्त संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई कोषमा आधारित (Fund Based) कर्जा सापट र गैरकोषमा आधारित (Non-Fund Based) सुविधाहरु समेत गरी आफ्नो प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्मको सीमा कायम गरी प्रदान गर्न सक्नेछन् ।	कर्जा सापट तथा सुविधाको सीमा: इजाजतपत्रप्राप्त संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई कोषमा आधारित (Fund Based) कर्जा सापट र गैर कोषमा आधारित (Non-Fund Based) सुविधाहरु समेत गरी आफ्नो प्राथमिक पुँजीको बढीमा २५ प्रतिशतसम्मको **एकल ग्राहक कर्जा सीमा** कायम गरी प्रदान गर्न सक्नेछन् ।
३७.	इ.प्रा. निर्देशन नं. ३/०७८	संयुक्त लगानीमा सञ्चालनमा आएका बैंक तथा वित्तीय संस्थाहरुको	संयुक्त लगानीमा सञ्चालनमा आएका बैंक तथा वित्तीय

	को बुँदा (५)मा संशोधन ।	संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरुको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधाप्रदान गर्न कुनै बाधा पर्नेछैन । तर, यसरी प्रदान गरिएको कर्जामा **प्रतिग्राहक** कर्जा सीमाको व्यवस्थाभने लागू हुनेछ । त्यस्ता संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्था अन्तर्राष्ट्रिय श्रेणीकृत(Rated)बैंक भएमा माथि बुँदा नं ३ को (क) मा उल्लेख भएबमोजिम कै व्यवस्था लागू हुनेछ ।	संस्थाहरुको संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्थाहरुको ग्यारेण्टी तथा काउण्टर ग्यारेण्टीमा कर्जा तथा सुविधा प्रदान गर्न कुनै बाधा पर्नेछैन । तर, यसरी प्रदान गरिएको कर्जामा **एकल** ग्राहक कर्जा सीमाको व्यवस्था भने लागू हुनेछ । त्यस्ता संयुक्त लगानीकर्ता बैंक तथा वित्तीय संस्था अन्तर्राष्ट्रिय श्रेणीकृत(Rated)बैंक भएमा माथिबुँदा नं **४** को (क) मा उल्लेख भएबमोजिम कै व्यवस्था लागू हुनेछ ।
३८.	इ.प्रा. निर्देशन नं. ३/०७८ को बुँदा (९)मा संशोधन ।	कुनै एउटा ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई बुँदा नं. (१) को उपबुँदा (१) मा तोकिएको सीमाभन्दा बढी कर्जा सापट वा सुविधा प्रदान गरेमा यस निर्देशनको उल्लंघन भएको मानिनेछ र त्यस्तो अवस्थाबाट उत्पन्न हुन सक्ने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा सापट वा सुविधाको शतप्रतिशत थप कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ ।	कुनै एउटा ग्राहक, फर्म, कम्पनी वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई **तोकिएको एकल ग्राहक कर्जा सीमाभन्दा** बढी कर्जा सापट वा सुविधा प्रदान गरेमा यस निर्देशनको उल्लंघन भएको मानिनेछ र त्यस्तो अवस्थाबाट उत्पन्न हुन सक्ने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जा सापट वा सुविधाको शतप्रतिशत थप कर्जा नोक्सानी व्यवस्था(Loan Loss Provision) कायम गर्नु पर्नेछ ।
३९.	इ.प्रा. निर्देशन नं. ३/०७८ को बुँदा (११) को उपबुँदा (१) मा संशोधन ।	(१)जोखिम नियन्त्रण गर्नको लागि इजाजतपत्रप्राप्त संस्थाले पर्याप्त आन्तरिक नीतिनियमको व्यवस्था गरी क्षेत्रगत कर्जा सघनताको अनुगमन गर्नु पर्नेछ । तर, यस बैंकले निर्देशन दिएमा बुँदा नं. ८ बमोजिम थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरुको सूची संलग्न निर्देशनफा.नं. ३.१ मा उल्लेख गरिएको छ ।	(१)जोखिम नियन्त्रण गर्नको लागि इजाजतपत्रप्राप्त संस्थाले पर्याप्त आन्तरिक नीतिनियमको व्यवस्था गरी क्षेत्रगत कर्जा सघनताको अनुगमन गर्नु पर्नेछ । तर, यस बैंकले निर्देशन दिएमा **सोहि** बमोजिम थप कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नेछ । अर्थ व्यवस्थाका विभिन्न क्षेत्रहरुको सूची संलग्न निर्देशन फा.नं. ३.१ मा उल्लेख गरिएको छ ।
४०.	इ.प्रा.नि.नं.४/०७८ बुँदा नं. (३) को उपबुँदा(ख) को खण्ड (अ)मा संशोधन गरी खण्ड १ र २ कायम ।	(अ) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानी (जस्तैः यस बैंकको पूर्व स्वीकृति लिई राष्ट्रिय प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गरिएको कर्जामा पुँजीकरण गरिएको ब्याज रकम तथा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम) बाहेकका	(अ) (१) इजाजतपत्रप्राप्त संस्थाको लेखानीति बमोजिम लेखाङ्कन गरिएको कर्जाको ब्याज आम्दानीमध्ये यस बैंकको निर्देशन बमोजिम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिने ब्याज आम्दानीमध्ये आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्राप्त भएको ब्याज रकम बाहेकका अन्य प्राप्त हुन बाँकी ब्याज आम्दानी बराबरको रकममा

७४.	इ.प्रा. निर्देशन नं. १२ को बुँदा नं. ९(८) को व्यवस्था इ.प्रा. निर्देशन नं.२१ को बुँदा नं. ४१ थप गरी क्रम संख्या मिलान ।	लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था ऋणीको व्यवसाय तथा परियोजनाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु प्रमाणित गर्ने क्रममा झुट्टा वित्तीय विवरण प्रमाणित गर्ने लेखापरीक्षकलाई कानुन बमोजिम कारवाही गर्न बैंक तथा वित्तीय संस्थाहरुले नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थालाई सिफारिस गर्नुपर्नेछ ।	लेखापरीक्षक सम्बन्धी विशेष व्यवस्था ऋणीको व्यवसाय तथा परियोजनाको लेखापरीक्षण गर्ने लेखापरीक्षकले वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अन्य वित्तीय विवरणहरु प्रमाणित गर्ने क्रममा झुट्टा वित्तीय विवरण प्रमाणित गर्ने लेखापरीक्षकलाई कानुन बमोजिम कारवाही गर्न बैंक तथा वित्तीय संस्थाहरुले नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थालाई सिफारिस गर्नुपर्नेछ ।
७५.	निर्देशन नं. १२/०७८ को बुँदा नं.१० को उपबुँदा २(घ) को व्यवस्थामा संशोधन ।	(घ) इजाजतपत्रप्राप्त संस्थाले कर्जा अपलेखन गर्नुपर्दाको अवस्थामा, तर, इजाजतपत्रप्राप्त संस्थाले **इ.प्रा. निर्देशन नं. २/०७७ बुँदा नं. १२** को उपबुँदा (३) बमोजिम तयार गरेको कार्यविधिको व्यवस्था अन्तर्गत हुनेगरी रु. ५० हजार भन्दा कमको कर्जा अपलेखन गर्दा सम्बन्धित पक्षलाई कालो सूचीमा समावेश नगरी कर्जा अपलेखन गर्न सक्नेछन् ।	(घ) इजाजतपत्रप्राप्त संस्थाले कर्जा अपलेखन गर्नुपर्दाको अवस्थामा, तर, इजाजतपत्रप्राप्त संस्थाले इ.प्रा. निर्देशन नं. २ को बुँदा नं. १२ को उपबुँदा (३) बमोजिम तयार गरेको कार्यविधिको व्यवस्था अन्तर्गत हुनेगरी रु. **२ लाख**भन्दा कमको कर्जा अपलेखन गर्दा सम्बन्धित पक्षलाई कालो सूचीमा समावेश नगरी कर्जा अपलेखन गर्न सक्नेछन् ।
७६.	निर्देशन नं. १२/०७८ को बुँदा नं.१० को उपबुँदा ५(१) को व्यवस्थामा संशोधन ।	१. भाखा नाघेको कर्जाको साँवा ब्याज चुक्ता गरेमा वा आफ्नो खातामा पर्याप्त मौज्दात नभई चेक जारी गरेको व्यक्ति कालोसूचीमा समावेश भएकोमा सो व्यक्तिले उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गरेमा,	१. भाखा नाघेको कर्जाको साँवा ब्याज चुक्ता गरेमा वा आफ्नो खातामा पर्याप्त मौज्दात नभई चेक जारी गरेको व्यक्ति कालोसूचीमा समावेश भएकोमा सो व्यक्तिले उक्त चेकको रकम चेक जारी गरेको व्यक्तिलाई भुक्तान गरे**मा वा सम्बन्धित व्यक्ति वा संस्थालाई भुक्तानी दिने गरी रकम earmark गरी राखेमा ।**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त“क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

७७.	निर्देशन नं. १२/०७८ को बुँदा नं. १८ को उपबुँदा ९ को व्यवस्थामा संशोधन ।	९) छुट यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका सरकारी संस्थानहरु, यस बैंकबाट निक्षेप र कर्जाको कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थाहरु, वैदेशिक लगानी अन्तर्गत आउने साझेदार लगानीकर्ता, विदेशी नियोग, दातृसंस्था र विकास साझेदारहरु, द्विपक्षीय वा वहुपक्षीय सम्बन्ध भएका अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई कालोसूचीमा समावेश गरिने छैन ।	९) छुट यस निर्देशनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएका सरकारी संस्थानहरु, यस बैंकबाट निक्षेप र कर्जाको कारोबार गर्न इजाजतपत्रप्राप्त संस्थाहरु, वैदेशिक लगानी अन्तर्गत आउने साझेदार लगानीकर्ता, विदेशी नियोग, दातृसंस्था र विकास साझेदारहरु, द्विपक्षीय वा वहुपक्षीय सम्बन्ध भएका अन्तर्राष्ट्रिय संघ संस्थाहरुलाई र **५० प्रतिशतभन्दा बढी विदेशी लगानी रहेका संस्थाहरुले Private Equity Venture Capital (PEVC) मार्फत लगानी गरेको साना तथा मझौला उद्योग कालोसुचीमा परेका कारणले मात्र (PEVC) सञ्चालन गर्ने संस्थालाई** कालोसूचीमा समावेश गरिने छैन ।
७८.	इ.प्रा. निर्देशन नं. १३ को बुँदा नं. १ को उपबुँदा ५ मा संशोधन ।	अनिवार्य मौज्दातमा नपुगभएजति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भएजतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ । एउटै अवधि (दुई हप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ ।	अनिवार्य मौज्दातमा नपुग भएजति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भएजतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी **सोही आर्थिक बर्षको कुल अनिवार्य मौज्दात गणना हुने अवधि(दुइहप्ताको एक अवधि)** ले भाग गरिने छ । एउटै अवधि (दुईहप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ ।
७९.	इ.प्रा. निर्देशन नं. १३ को बुँदा नं. १ को उपबुँदा ६ को ङ मा सशोधन ।	यस प्रयोजनको लागि निर्धारित निर्देशन फा.नं. १३.१ बमोजिमको विवरण भरी हप्ता बितेको सात दिनभित्र अनिवार्य रुपमा यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा आइपुग्ने गरी पठाउनु पर्नेछ ।	हटाइएको ।
८०.	इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. १ को उपबुँदा (ख) को खण्ड (उ) हटाई क्रमसंख्या मिलान ।	(उ) ठीक अघिल्लो त्रयमासमा निष्क्रिय कर्जा (NPL) ५ प्रतिशतभन्दा बढी नभएको ।	हटाइएको ।
८१.	इ.प्रा. निर्देशन नं. १४ को	(आ) निष्क्रिय कर्जा अनुपात ५ प्रतिशत भन्दा बढी नभएको,	हटाइएको ।

	बुँदा नं. ४ को उपबुँदा (ख) को खण्ड (आ) हटाउने र क्रमसंख्या मिलान ।		
८२.	इ.प्रा. निर्देशन नं. १४ को बुँदा नं. ४ को उपबुँदा क मा सशोधन ।	(क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले काठमाण्डौ उपत्यका र महानगरपालिकामा एक्सटेन्सन काउण्टर खोल्न यस बैंकको स्वीकृति लिनुपर्नेछ ।	**क) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले काठमाण्डौ उपत्यका, महानगरपालिका र उप महानगरपालिकामा एक्सटेन्सन काउण्टर खोल्न यस बैंकको स्वीकृति लिनुपर्नेछ ।**
८३.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (१) को उपबुँदा १ मा संशोधन ।	(१)निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा (स्वदेशी तथा विदेशी मुद्रा) लागु हुने ब्याजदरसम्बन्धी सूचना नेपाली महिना शुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ । तर, नेपाल राष्ट्र बैंकले तय गर्ने बैंक दर तथा नीतिगत दर परिवर्तन भएमा तत्काल ब्याजदर परिवर्तन गरी प्रकाशन गर्न सकिनेछ ।	(१)निक्षेपमा दिने ब्याजदर मासिक रुपमा मात्र परिवर्तन गर्न सकिनेछ । आगामी महिनाको लागि निक्षेपमा (स्वदेशी तथा विदेशी मुद्रा) लागु हुने ब्याजदरसम्बन्धी सूचना नेपालीमहिना शुरु हुनु पूर्व प्रकाशित गरिसक्नुपर्ने छ । **यसरी ब्याजदर प्रकाशन गर्दा ग्राहकमा कुनै किसिमको भ्रम सिर्जना नहुने गरी अनिवार्य रुपमा वार्षिक ब्याजदर प्रतिशत प्रकाशित गर्नु पर्नेछ ।** तर, नेपाल राष्ट्र बैंकले तय गर्ने बैंक दर तथा नीतिगत दर परिवर्तन भएमा तत्काल ब्याजदर परिवर्तन गरी प्रकाशन गर्न सकिनेछ ।
८४.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (१) को उपबुँदा २ मा संशोधन ।	(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशनगर्दा सम्बन्धित वर्गका सबै संस्थाले अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदर (उपबुँदा ५ को प्रतिबन्धात्मकवाक्यांश र उपबुँदा ७ ले तोकेका खाताबाहेक) को औसत तथा न्यूनतम ब्याजदर (कलनिक्षेप बाहेक) को औसतमा बढीमा १० प्रतिशतले मात्र परिवर्तन गरी ब्याजदर निर्धारण गर्न सक्नेछन् । यसरी ब्याजदर निर्धारण गर्दा कायम हुने अधिकतम र न्यूनतम ब्याजदर बीचको अन्तर उपबुँदा ५ को व्यवस्थाको सीमाभन्दा बढी हुनगएमा अधिकतम वा न्यूनतममध्ये एक दर सोही कायम गरी अन्य दरहरु समायोजन गर्नुपर्ने छ ।	(२) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने ब्याजदर निर्धारण तथा प्रकाशन गर्दा सम्बन्धित वर्गका सबै संस्थाले अघिल्लो महिना प्रकाशन गरेको अधिकतम ब्याजदर **(सामाजिक सुरक्षा भत्ता वापतको रकममात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता, अक्षयकोष बापतको रकम जम्मा हुने मुद्दति निक्षेप खाता तथा विप्रेषण रकममात्र जम्मा हुने निक्षेप खाताबाहेक)** को औसत तथा न्यूनतम ब्याजदर (कलनिक्षेप बाहेक) को औसतमा बढीमा १० प्रतिशतले मात्र परिवर्तन गरी ब्याजदर निर्धारण गर्न सक्नेछन् । यसरी ब्याजदर निर्धारण गर्दा कायमहुने अधिकतम र

			न्यूनतम ब्याजदर बीचको अन्तर **यस निर्देशनले तोकेको** सीमाभन्दा बढी हुन गएमा अधिकतम वा न्यूनतम मध्ये एक दर सोहीकायम गरी अन्य दरहरु समायोजन गर्नुपर्ने छ ।
८५.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (१) को उपबुँदा ४ हटाई क्रमसंख्या मिलान ।	इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले उपबुँदा (२) र (३) बमोजिमको व्यवस्था २०७८ कात्तिक महिनाको लागि प्रकाशित भईसकेको ब्याजदरमा समेत संशोधन गरी मिति २०७८/०७/०३ भित्र आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरी सोही मितिबाट लागू गर्नु पर्नेछ । यस्तो ब्याजदर मिति २०७८/०७/०५ भित्र दैनिक पत्रिकामा समेत प्रकाशन गर्नुपर्नेछ ।	हटाइएको ।
८६.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (१) को उपबुँदा ७ मा संशोधन ।	(७) वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा निक्षेप राखेमा न्यूनतम १ प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नु पर्नेछ । यस्तो निक्षेपको ब्याजदर उपबुँदा ५ र उपबुँदा ६ मा उल्लेखित ब्याजदर बीचको अन्तर गणना गर्दा छुट प्रदान गरिएको छ ।	(७) वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ्ग प्रणालीबाट प्राप्तहुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा **खोलिएको वा खोलिने विप्रेषण (रेमिटयान्स) बचत खातामा** निक्षेप राखेमा न्यूनतम १ प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नु पर्नेछ । यस्तो निक्षेपको ब्याजदर उपबुँदा ५ र उपबुँदा ६ मा उल्लेखित ब्याजदर बीचको अन्तर गणना गर्दा छुट प्रदान गरिएको छ ।
८७.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (१) को उपबुँदा १० मा संशोधन ।	तीन महिना भन्दा कम समयावधिको मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । साथै, मुद्दती निक्षेपको समयावधि समाप्त नहुदै पूर्वनिर्धारित ब्याजदर कायम रहने गरी ग्राहकले चाहेको वखत जहिलेपनि झिक्न पाउने गरी मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन ।	३ महिना भन्दा कम समयावधिको व्यक्तिगत मुद्दती निक्षेप तथा **६ महिना भन्दा कम समयावधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन ।** साथै, मुद्दती निक्षेपको समयावधि समाप्त नहुदै पूर्वनिर्धारित ब्याजदर कायम रहने गरी ग्राहकले चाहेको वखत जहिलेपनि झिक्न पाउने गरी मुद्दती निक्षेप स्वीकार गर्न पाइने छैन । **संस्थागत मुद्दती निक्षेपको हकमा ६ महिना व्यतित हुनु अगावै कुनै पनि रकम भुक्तानी/ फिर्ता** (Pre mature) **गर्न पाइने छैन ।**
८८.	इ.प्रा. निर्देशन नं. १५	कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल	कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त"क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

	को बुँदा (३) को उपबुँदा २ को पहिलो अनुच्छेदमा संशोधन ।	ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।	पेनाल ब्याजदर २ प्रतिशत विन्दु भन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको **किस्ताको** साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुल उपर गर्न पाइने छैन ।
८९.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (३) को उपबुँदा ३ मा संशोधन ।	ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमाउल्लेख गर्नु पर्नेछ । प्रकाशित प्रिमियम दर परिवर्तन गर्दा अर्धवार्षिक रुपमा परिवर्तन गर्न सकिनेछ । तर, प्रिमियम दर घटाउनु पर्ने भएमा अर्धवार्षिक भन्दा कम समयावधिमा पनि प्रकाशित प्रिमियम दर परिवर्तन गर्न सकिनेछ ।	ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । प्रकाशित प्रिमियम दर **वृद्धि** गर्दा अर्धवार्षिक रुपमा गर्न सकिनेछ । तर, प्रिमियम दर घटाउनु पर्ने भएमा अर्धवार्षिक भन्दा कम समयावधिमा पनि प्रकाशित प्रिमियम दर **घटाउन** सकिनेछ ।
९०.	इ.प्रा.नि.नं.१५/०७८ बुँदा नं. ३ (७) मा संशोधन ।	(७) एकपटक प्रिमियम दर निर्धारण गरी ऋणीलाई दिइने कर्जा प्रस्ताव पत्रमा उल्लेख गरी कर्जा प्रवाह गरे पश्चात् प्रिमियम दर बृद्धि गर्न वा कुनै किसिमको डिस्काउन्ट प्रदान गरी पुनः स्वतः बृद्धि हुने जस्ता योजना लागू गर्न पाइने छैन । तर, ऋणीले जुन उद्देश्यका लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको र धितो सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेको पाइएमा उप बुँदा २ बमोजिमको हर्जाना दर थप गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।	(७) एकपटक प्रिमियम दर निर्धारण गरी ऋणीलाई दिइने कर्जा प्रस्तावपत्रमा उल्लेख गरी कर्जा **स्वीकृत** गरे पश्चात् प्रिमियम दर बृद्धि गर्न वा कुनै किसिमको डिस्काउन्ट प्रदान गरी पुनः स्वतः बृद्धि हुने जस्ता योजना लागू गर्न पाइने छैन । तर, ऋणीले जुन उद्देश्यका लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको र धितो सम्पत्तिमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेको **पाइएमा यसै निर्देशन**बमोजिमको हर्जाना दर थप गर्न यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।
९१.	इ.प्रा.नि.नं.१५/०७८ बुँदा नं. ३ (८) मा संशोधन ।	ऋणीले लिने थप कर्जा वा बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने नयाँ कर्जाको हकमा नयाँ प्रकाशित प्रिमियम दर लागू हुनेछ ।	ऋणीको कर्जा **सीमा** थप गर्दा वा बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने नयाँ कर्जाको हकमा नयाँ प्रकाशित प्रिमियम दर लागू हुनेछ ।
९२.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (४) को उपबुँदा ३ को पहिलो वाक्यमा संशोधन ।	बैंक तथा वित्तीय संस्थाले उपबुँदा नं. २ बमोजिमको औसत ब्याजदर अन्तर मासिक रुपमा कायम गर्नुपर्ने छ र सो नगरेमा देहायबमोजिमको सबै कारबाही हुनेछः :	बैंक तथा वित्तीय संस्थाले औसत ब्याजदर अन्तर मासिक रुपमा कायम गर्नुपर्ने छ र सो नगरेमा देहायबमोजिमको सबै कारबाही हुनेछः **तर समस्याग्रस्त घोषणा गरिएका संस्थाहरुको हकमा**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त"क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

			उक्त संस्था समस्याग्रस्त रहँदा वा समस्याग्रस्तबाट हटेको २ वर्षसम्म यो व्यवस्था बमोजिम कारवाही हुने छैन ।
९३.	इ.प्रा. निर्देशन नं. १५ को बुँदा (४) को उपबुँदा ५ हटाईएको ।	(५) उपबुँदा नं. (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायबमोजिमका अवस्थामा उपबुँदा नं. (३) बमोजिमको कारबाही हुने छैन । (क) यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका संस्थाहरुको हकमा उक्त संस्था समस्याग्रस्त रहदा वा समस्याग्रस्तबाट हटेको २ वर्षसम्म ।	हटाईएको ।
९४.	इ.प्रा.नि. नं. १६/०७८ बुँदा नं.५ (४) मा संशोधन ।	(४) वाणिज्य बैंकले आफ्नो चुक्तापुँजीको न्यूनतम २५ प्रतिशत बराबर अनिवार्य रुपमा ऋण पत्र जारी गर्नु पर्ने छ । यस्तो ऋणपत्र २०७९ असार मसान्तभित्र जारी नगरेमा देहायबमोजिमको कारवाही हुनेछ ।	(४) वाणिज्य बैंकले आफ्नो चुक्तापुँजीको न्यूनतम २५ प्रतिशत बराबर अनिवार्य रुपमा ऋणपत्र जारी गर्नु पर्ने छ । यस्तो ऋणपत्र **२०७९ असार**मसान्तभित्र जारी नगरेमा देहायबमोजिमको कारवाही हुनेछ । **एक पटक चुक्तापुँजीको २५ प्रतिशत बराबर ऋणपत्र जारी गरेको अवस्थामा पछि चुक्तापुँजी बृद्धि भएको कारणले थप ऋणपत्र जारी गर्न अनिवार्य हुने छैन ।**
९५.	इ.प्रा.नि. नं. १६/०७८ बुँदा नं. ५ को उपबुँदा (५) मा संशोधन ।	कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन कृषि विकास बैंकले सम्बन्धित निकायबाट स्वीकृति लिई कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्न सक्नेछ ।	कृषि क्षेत्रमा दीर्घकालीन साधनको उपलब्धता सहज बनाउन उक्त क्षेत्रमा लगानीको अनुभव हासिल गरेका **वाणिज्य बैंकहरुले** सम्बन्धित निकायबाट स्वीकृति लिई कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्न सक्नेछन् ।
९६.	इ.प्रा.नि. नं. १६/०७८ बुँदा नं. ५ मा उपबुँदा (७) थप ।	हाल नभएको	**यसरी जारी गरिएको कृषि तथा उर्जा ऋणपत्रबाट संकलित रकम ऋणपत्र जारी भएको मितिले ३ वर्ष भित्र सम्बन्धित क्षेत्रमा कर्जा प्रवाह गरिसक्नु पर्नेछ । कर्जा लगानी गर्दा पहिलो वर्ष संकलित रकमको न्यूनतम ३० प्रतिशत, दोस्रो वर्षसम्म संकलित रकमको न्यूनतम ६० प्रतिशत तथा तेस्रो वर्षसम्ममा बाँकी सम्पूर्ण संकलित रकम लगानी गर्नु पर्नेछ ।**
९७.	इ.प्रा.नि. नं. १६/०७८ बुँदा नं. ५ मा (८) थप	हाल नभएको ।	**कृषि तथा उर्जा ऋणपत्र जारी गरेका बैंक तथा वित्तीय संस्थाहरुले ऋणपत्रवापत संकलित सम्पूर्ण रकम**

	गरी क्रमसंख्या मिलान ।		**सम्बन्धित क्षेत्रमा लगानी नगरेसम्म अन्य संस्थाहरुले जारी गरेको सोही प्रकृतिको ऋणपत्र खरिद गर्न पाइने छैन ।**
९८.	इ.प्रा.नि. नं. १७/०७८ बुँदा नं. १७ (१) स्पष्टिकरण मा संशोधन ।	(१)‘कृषि क्षेत्र’भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ४ बमोजिम हुनेछ ।	(१)‘कृषि क्षेत्र’ भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची ४ का उल्लेखित उद्योगका अतिरिक्त **मल, कृषि सामाग्री, सिंचाईसँग सम्बन्धित** उद्योग **समेत** हुनेछ ।
९९.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ३ को उपबुँदा (क) हटाई क्रमसंख्या मिलान ।	(क) विपन्न वा न्यून आय भएका व्यक्तिलाई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न सामूहिक जमानीमा प्रति सदस्य/व्यक्तिलाई प्रदान गरेको बढीमा तीन लाख रुपैयाँसम्मको लघु कर्जा । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्य/व्यक्तिको हकमा पाँच लाख रुपैयासम्म प्रदान गरेको लघु कर्जा ।	हटाईएको ।
१००.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ३ को उपबुँदा (ज) मा संशोधन ।	(ज) ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा तथा ग्रामीण क्षेत्रमा ट्रयाक्टर, थ्रेसर तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जा ।	(ज)ग्रामीण क्षेत्रमा गठित उपभोक्ता समिति वा त्यस्तो क्षेत्रमा कार्यरत **विषयगत** सहकारी संस्था मार्फत सामुदायिक सिंचाई प्रणालीमा प्रवाह गरेको कर्जा तथा ग्रामीण क्षेत्रमा ट्रयाक्टर, थ्रेसर तथा अन्य कृषि औजार खरिद गर्ने प्रयोजनको लागि प्रवाह भएको कर्जा ।
१०१.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ३ को उपबुँदा (ठ) हटाईएको ।	(ठ)चालकहरुलाई आफ्नै स्वामित्वमा रिक्सा, विद्युतीय रिक्सा, अटो रिक्सा, विद्युतीय टेम्पो खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जा ।	हटाईएको ।
१०२.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ३ को उपबुँदा (ड) मा संशोधन ।	(ड)ग्रामीण क्षेत्रमा कार्यरत सहकारी संस्थालाई कृषि सम्बन्धी पोष्ट हार्भेष्ट सेवा उपलब्ध गराउने परियोजना सञ्चालनको लागि बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने रु. १ करोडसम्मको कर्जा तथा सापट	(ड)ग्रामीण क्षेत्रमा कार्यरत **विषयगत** सहकारी संस्थालाई कृषि सम्बन्धी पोष्ट हार्भेष्ट सेवा उपलब्ध गराउने परियोजना सञ्चालनको लागि बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने रु. १ करोडसम्मको कर्जा तथा सापट ।
१०३.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ३ को उपबुँदा (छ) हटाई क्रमसंख्या मिलान र उपबुँदा (न) मा	(छ) महिलाहरुद्वारा सञ्चालित लघु उद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. ४ लाखसम्मको कर्जा । साथै, महिलाहरुद्वारा सञ्चालित लघु उद्यमलाई बैंक तथावित्तीय संस्थाबाट सम्बन्धित परियोजनाको धितोमा प्रवाहभएको रु. ७	(छ) हटाईएको ।

	संशोधन ।	लाखसम्मको परियोजना कर्जा । यसरी कर्जा प्रवाहगर्दा प्रचलित कानुनको अधीनमा रही परियोजनाको धितोमा प्रवाह गर्नुपर्ने छ र निक्षेप तथा कर्जा सुरक्षण निगमबाट अनिवार्य रुपमा सुरक्षण गर्ने गराउने व्यवस्था समेत मिलाई प्रवाह गर्नु पर्नेछ । (न) महिला उद्यमीद्वारा लघु उद्यमतथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु. २० लाखसम्मको कर्जा । यस्तो कर्जाको अनिवार्य रुपमा बीमा गर्नु पर्ने छ ।	(न)महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु. २० लाखसम्मको कर्जा । यस्तो **व्यवसायको** अनिवार्य रुपमा बीमा गर्नु पर्ने छ ।
१०४.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ३ को उपबुँदा (प) मा संशोधन ।	(प) वास्तविक कृषिव्यवसायीलाई रु. २० लाखसम्म कृषिव्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जा । यस्तो कर्जाको अनिवार्य रुपमा बीमा गर्नु पर्नेछ ।	(प) वास्तविक कृषि व्यवसायीलाई रु. २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जा । यस्ता **व्यवसायको** अनिवार्य रुपमा बीमा गर्नु पर्नेछ ।
१०५.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ४ को उपबुँदा (ख) हटाई क्रमसंख्या मिलान ।	(ख) गरिवीको रेखामुनि रहेका, विपन्न वा न्यून आय भएका जनताको आय तथा रोजगार बढाउन यस बैंकबाट इजाजतपत्रप्राप्त “क”, “ख” र “ग” वर्गको इजाजतपत्रप्राप्त संस्थाले मूल्याङ्कन गरी योग्य ठानेका ग्रामीण क्षेत्रमा स्थापना भई कार्यरत सहकारी संस्थाहरुलाई विपन्न वर्गमा लगानी गर्ने गरी थोक कर्जा उपलब्ध गराउन सक्नेछन् ।	हटाइएको ।
१०६.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ४ को उपबुँदा (ग) मा संशोधन ।	(ग)साना किसान सहकारी संस्था एवम् लघु वित्त कारोबार गर्ने संस्थाहरुलाई थोक कर्जा प्रवाह गर्ने उद्देश्यले स्थापना भएका “घ” वर्गका लघुवित्त विकास बैंकलाई प्रवाह गरिएको थोक कर्जा ।	(ग) साना किसान सहकारी संस्था एवम् लघु वित्त कारोबार गर्ने संस्थाहरुलाई थोक कर्जा प्रवाह गर्ने उद्देश्यले स्थापना भएका “घ” वर्गका लघुवित्त **वित्तीय संस्थालाई संस्थागत क्षमता तथा संस्थागत जमानीमा** प्रवाह गरिएको **आवधिक प्रकृतिको** थोक कर्जा ।
१०७.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ८ को व्यवस्थालाई बुँदा नं. ३ को उपबुँदा (फ) मा स्थानान्तरण ।	स्थानान्तरण गरिएको ।	इजाजतपत्रप्राप्त वाणिज्य बैंक (“क”वर्ग), विकास बैंक (“ख”वर्ग) र वित्त कम्पनी (“ग”वर्ग) बाट प्रत्यक्ष रुपमा निम्न शर्तको अधीनमा रही अस्पताललाई प्रवाह हुने कर्जा (क) मुनाफा वितरण नगर्ने कम्पनीको रुपमा त्यस्तो अस्पताल सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्ने

			। (ख) सम्बन्धित बैंक/वित्तीय संस्थाले यस प्रयोजनका लागि आफ्नो प्राथमिक पुँजी (Core Capital) को बढीमा ५ प्रतिशत सम्मको कर्जा रकम मात्र प्रवाह गर्न सक्ने । (ग) सम्बन्धित अस्पतालले नेपाल सरकारको सम्बन्धित निकायबाट सञ्चालन स्वीकृति प्रदान गरिंदा तोकिएका सम्पूर्ण शर्तहरुको पूर्ण पालना गरेको हुनु पर्ने । (घ) सम्बन्धित अस्पतालले आफ्नो कुल शैथ्या क्षमताको न्यूनतम १० प्रतिशत शैथ्या निःशुल्क रुपमा विपन्न वर्गका जनताहरुलाई उपलब्ध गराउने गरी आवश्यक व्यवस्था मिलाएको हुनु पर्ने । (ङ) माथि खण्ड (क) देखि (घ) सम्म उल्लिखित शर्तहरु पुरा भएको यकिन गरेर मात्र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गरेको हुनु पर्ने । (च) उपर्युक्त मापदण्ड पुरा गरेका ग्रामीण क्षेत्रमा संचालित सामुदायिक अस्पताललाई बैंक तथा वित्तीय संस्थाहरूबाट प्रत्यक्ष रूपमा प्रवाह हुने रू.१ करोडसम्मको कर्जालाई समेत विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।
१०८.	इ.प्रा. निर्देशन नं.१७ को बुँदा नं. ५ को व्यवस्थालाई बुँदा नं. ४ को उपबुँदा (छ) मा स्थानान्तरण ।	स्थानान्तरण गरिएको	इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले "घ" वर्गको वित्तीय संस्थाको संस्थापक सेयरमा गरेको लगानीलाई समेत अप्रत्यक्ष रुपमा विपन्न वर्गमा प्रवाह गरिएको कर्जा सरह गणना गरिने छ ।
१०९.	इ.प्रा. निर्देशन नं.१८ को बुँदा नं. (क) को उपबुँदा २ (झ) मा संशोधन ।	झ) संस्थाले अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण सम्पन्न गरेको ।	झ) संस्थाले अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण सम्पन्न गरेको **र सो लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षकले कैफियत रहितको राय व्यक्त गरेको ।**

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त"क", "ख" र "ग"वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

११०.	इ.प्रा. निर्देशन नं.१८ को बुँदा नं. (ग) को उपबुँदा १२ मा संशोधन ।	(१२) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ पुस मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा यस बैंकबाट तोकिएको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरु, पब्लिक लिमिटेड कम्पनीहरु, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत संचालित कोषहरुको निक्षेपको अंश प्रति संस्था १० प्रतिशत बिन्दुले थप गरिनेछ ।	(१२) वाणिज्य बैंकहरु एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७९ पुस मसान्तभित्र एकीकृत कारोबार सञ्चालन गरेमा यस बैंकबाट तोकिएको कुल निक्षेपमा सरकारी संस्था एवम् संस्थानहरु, पब्लिक लिमिटेड कम्पनीहरु, बचत तथा ऋण सहकारी संस्था तथा त्यस्ता संस्था एवम् संस्थान मातहत संचालित कोषहरुको निक्षेपको अंश १० प्रतिशत बिन्दुले थप गरिनेछ ।
१११.	इ.प्रा. निर्देशन नं १९ को बुँदा नं.७ख. थप गर्ने ।	हाल नभएको	**विप्रेषण (रेमिटयान्स) बचत खाता सम्बन्धमा ।** नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वा हाल वैदेशिक रोजगारमा रहेका नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि देहायबमोजिमको मापदण्ड/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ : (अ) यस व्यवस्थाबमोजिम खाता खोल्दा ग्राहकको अन्य संस्थामा विप्रेषण (रेमिटयान्स) बचत खाता नभएको स्व:घोषणा लिनु पर्नेछ । (आ) यस व्यवस्था बमोजिम खोलिने बैंक खाताका लागि सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गर्न सकिनेछ । (इ) यस व्यवस्था बमोजिम खोलिएका खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट प्रतिखाता रु.१००(अक्षरेपी एक सय मात्र) जम्मा गर्न सक्नेछन । (ई) उक्त खातामा नेपालबाट सोही खातामा रहेको रकमको ब्याज, विप्रेषण मुद्दती निक्षेप खाताबाट रकमान्तर हुने रकम र सरकारी निकायबाट प्राप्त हुने भुक्तानीबाहेक अन्य कुनै पनि रकम जम्मा वा रकमान्तर गर्न पाइने छैन् ।
११२.	इ.प्रा. निर्देशन नं. १९ को बुँदा नं. २०उपबुँदा (१३) मा संशोधन ।	शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा पेश नगरेमा	शंकास्पद कारोबारको पहिचान गर्ने संयन्त्र/प्रणाली नभएमा तथा शंकास्पद कारोवार प्रतिवेदन तोकिएको ढाँचा र समयमा **वित्तीय जानकारी ईकाइमा** पेश नगरेमा

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त“क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

११३.	इ.प्रा. निर्देशन नं २०/०७८ को बुँदा नं ९(क) थप गरी क्रमसंख्या मिलान ।	हाल नभएको ।	**आफ्ना ग्राहकबाट प्राप्त गुनासो/उजुरीको समाधान गर्ने दायित्व सम्बन्धित बैंक वा वित्तीय संस्थाको हुनेछ । यसरी प्राप्त गुनासो/उजुरीको समाधानको लागि संस्थाले गरेको काम कारवाहीको अभिलेख राख्नु पर्नेछ ।**
११४.	इ.प्रा. निर्देशन नं २०/०७८ को बुँदा नं ९(क) मा संशोधन ।	सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनुवाई गर्न इजाजतपत्र प्राप्त संस्थाले “सूचना तथा गुनासो सुनुवाई डेस्क” स्थापना गरी कम्तीमा वरिष्ठ व्यवस्थापक वा सो भन्दा माथिको अधिकारीलाई गुनासो सुन्ने अधिकारी तोक्नु पर्नेछ । त्यस्तो अधिकारी तोकिएको सम्बन्धमा सार्वजनिक जानकारी दिनुपर्नेछ र इजाजतपत्रप्राप्त संस्थाले उक्त अधिकारीको नाम, पद र मोबाइल नम्बर वेबसाइटमा राख्नुपर्नेछ ।	सेवाग्राहीलाई पर्ने असुविधा तथा सर्वसाधारणको गुनासो सुनुवाई गर्न इजाजतपत्र प्राप्त संस्थाले “सूचना तथा गुनासो सुनुवाई डेस्क” स्थापना गरी वरिष्ठ व्यवस्थापक वा सो भन्दा माथिको अधिकारीलाई गुनासो सुन्ने अधिकारी तोक्नु पर्नेछ । **इजाजतपत्रप्राप्त संस्थाले उक्त अधिकारीको नाम, पद, फोन नम्बर, मोबाइल नम्बर र इमेल ठेगाना वेबसाइटको अग्र भागमा राख्नु पर्नेछ ।**
११५.	इ.प्रा. निर्देशन नं २० को बुँदा नं ९(ग) मा संशोधन ।	(ग) बैंक तथावित्तीय संस्थाकाकाम कारवाही सम्बन्धी गुनासोको सुनुवाई सहज बनाउन बैंक तथा वित्तीय संस्थाले यस बैंकको गुनासो पोर्टल gunaso.nrb.org.np को लिङ्क आफ्नो वेबसाइटमा २०७८ भदौ मसान्तभित्र राखिसक्नु पर्नेछ ।	(ग) बैंक तथा वित्तीय संस्थाका काम कारवाही सम्बन्धी गुनासोको सुनुवाई सहज बनाउन बैंक तथा वित्तीय संस्थाले यस बैंकको गुनासो पोर्टल gunaso.nrb.org.np को लिङ्क आफ्नो वेबसाइटमा **राख्नुपर्ने**छ ।
११६.	इ.प्रा. निर्देशन नं २० को बुँदा नं ९(घ) मा संशोधन ।	(घ) इजाजतपत्रप्राप्त संस्थाले ग्राहकको गुनासो सुनुवाईका लागि आफ्नो वेबसाइटमा अनलाईन पोर्टलको समेत व्यवस्था गर्नु पर्नेछ र पोर्टलमा कुन तह बाट गुनासो सम्बोधन हुने हो सो को जानकारी समेत उपलब्ध हुनुपर्नेछ ।	(घ) इजाजतपत्र प्राप्त संस्थाले ग्राहकको गुनासो सुनुवाईका लागि आफ्नो वेबसाइटमा अनलाईन पोर्टलको समेत व्यवस्था गर्नु पर्नेछ र **यसको लिंक आफ्नो वेबसाइटको अग्र भागमा राख्नु पर्नेछ** । साथै, पोर्टलमा कुन तह बाट गुनासो सम्बोधन हुने हो सोको जानकारी समेत उपलब्ध हुनुपर्नेछ ।
११७.	इ.प्रा. निर्देशन नं २० को बुँदा नं ९(ङ) मा संशोधन ।	इजाजतपत्र प्राप्त संस्थाले ग्राहकबाट प्राप्त भएको गुनासो र निरुपणको अवस्था अर्धवार्षिक (असार, पुस) रुपमा अवधि समाप्त भएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुका साथै आफ्नो वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्नु पर्नेछ ।	इजाजतपत्रप्राप्त संस्थाले ग्राहकबाट प्राप्त भएको गुनासो र सोको निरुपण **सम्बन्धी तथ्याङ्क (अनुसूची १ बमोजिम) यस बैंकको इमेल cpreporting@nrb.org.np मा पठाउनु पर्नेछ ।** साथै, ग्राहकबाट प्राप्त भएको गुनासो र सोको निरुपणको अवस्था अर्धवार्षिक (असार, पुस) रुपमा अवधि समाप्त भएको १५ दिनभित्र **यस बैंकको वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखामा** र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुका साथै

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त“क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

			आफ्नो वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्नु पर्नेछ ।
११८.	इ.प्रा.नि.नं. २०/०७८ बुँदा नं. १२ मा संशोधन ।	बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई प्रदान गर्ने सेवा सम्बन्धी जानकारी Audio Notice Board बाट समेत उपलब्ध गराउनु पर्नेछ । यस्तो सेवा उपलब्ध गराए वापत ग्राहकसंग कुनै किसिमको शुल्क लिन पाइने छैन ।	बैंक तथा वित्तीय संस्थाले ग्राहकलाई प्रदान गर्ने सेवा सम्बन्धी जानकारी **24×7 Call Centre वा** Audio Notice Board बाट समेत उपलब्ध गराउनु पर्नेछ । यस्तो सेवा उपलब्ध गराएवापत ग्राहकसंग कुनै किसिमको शुल्क लिन पाइने छैन ।
११९.	इ.प्रा. निर्देशन नं २० को बुँदा नं १३ मा संशोधन ।	बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा आफ्नो वेवसाइट राख्नु पर्ने छ । बेवसाइटमार्फत हाल सार्वजनिक भएका सामाग्री २०७६ पौषमसान्तसम्ममा नेपालीभाषामा सार्वजनिक गर्नुका साथै अब उप्रान्त सार्वजनिक हुने सामाग्री समेत नेपाली भाषामा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने छ ।	बैंक तथा वित्तीय संस्थाले अनिवार्य रुपमा आफ्नो वेवसाइट राख्नु पर्ने छ । बेवसाइटमार्फत सार्वजनिक हुने सामग्री नेपाली भाषामा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्ने छ ।
१२०.	इ.प्रा. निर्देशन नं २० को बुँदा नं ९(ङ) मा संशोधन ।	इजाजतपत्रप्राप्त संस्थाले ग्राहकबाट प्राप्त भएको गुनासो र निरुपणको अवस्था अर्धवार्षिक (असार,पुस) रुपमा अवधि समाप्त भएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुका साथै आफ्नो वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्नु पर्नेछ ।	इजाजतपत्रप्राप्त संस्थाले ग्राहकबाट प्राप्तभएको गुनासो र निरुपणको अवस्था अर्धवार्षिक (असार,पुस) रुपमा अवधि समाप्त भएको १५ दिनभित्र यस बैंकको गभर्नरको कार्यालय अन्तर्गत **वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा** र सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नुका साथै आफ्नो वार्षिक प्रतिवेदनमा समेत प्रकाशन गर्नु पर्नेछ ।
१२१.	इ.प्रा.निर्देशननं. २१/०७८ को बुँदा ४को उपबुँदा ३(क) मा संशोधन ।	(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भई २०७४ असार मसान्तसम्ममा समस्याग्रस्त अवस्थाबाट मुक्त भईसकेका बैंक तथा वित्तीय संस्थाहरुले २०७६ असार मसान्तभित्र तोकिएबमोजिमको चुक्तापुँजी पुर्‍याई सक्नु पर्नेछ ।	(क) यस बैंकबाट समस्याग्रस्त घोषणा भई समस्याग्रस्त अवस्थाबाट मुक्त भईसकेका बैंक तथा वित्तीय संस्थाहरुले **समस्याग्रस्तबाट मुक्त भएको २ वर्षभित्र** तोकिएबमोजिमको चुक्ता पुँजी पुर्‍याई सक्नु पर्नेछ ।
१२२.	इ.प्रा. निर्देशन नं २१ को बुँदा नं २३(४) मा संशोधन ।	प्राविधिक सेवा सम्झौता बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थामा व्यवस्थापन सेवाका लागि खटिई आउने गैर नेपाली नागरिकको संख्या देहायबमोजिम हुनेछ : (क) २० देखि ५० प्रतिशतसम्म विदेशी लगानी रहेको अवस्थामा बढीमा ५ जनासम्म । (ख) ५० प्रतिशत भन्दा बढी विदेशी लगानी रहेको अवस्थामा बढीमा ७ जनासम्म ।	प्राविधिक सेवा सम्झौता बमोजिम सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थामा व्यवस्थापन सेवाका लागि खटिई आउने गैर नेपाली नागरिकको संख्या देहायबमोजिम हुनेछ : (क) २० देखि ५० प्रतिशतसम्म विदेशी लगानी रहेको अवस्थामा बढीमा **३ जनासम्म** । (ख) ५० प्रतिशत भन्दा बढी विदेशी लगानी रहेको अवस्थामा बढीमा **५ जनासम्म** ।

१२३.	इ.प्रा. निर्देशन नं २१ को बुँदा नं २३(५) मा संशोधन ।	प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि २ वर्ष भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ । सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ ।	प्राविधिक सेवा सम्झौताको अवधि ५ वर्षको हुनेछ र सोलाई नवीकरण गर्न सकिनेछ । सो सम्झौता अन्तर्गत व्यवस्थापन सेवामा नियुक्त भई आउने गैर नेपाली नागरिकको सेवा अवधि **३ वर्ष** भन्दा बढी हुने छैन । निजको पारिश्रमिक प्राविधिक सेवा शुल्कबाट व्यहोर्न सकिनेछ । सम्बन्धित इजाजतपत्रप्राप्त बैंक वा वित्तीय संस्थाले नै निजको पारिश्रमिक व्यहोर्ने सम्झौता भएमा विद्यमान व्यवस्था अनुरुप हुने गरी तय गर्नु पर्नेछ ।
१२४.	इ.प्रा. निर्देशन नं २१ को बुँदा नं २८ मा संशोधन ।	**खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा :** इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेबसाइट http://bfr.nrb.org.np/acstatus मा राखिने व्यवस्था रहेको छ । उक्त वेबसाइटमा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागिUser ID र Password बैंक तथावित्तीय संस्था नियमन विभागबाट प्रदान गर्ने व्यवस्था भएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेबसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी वेबसाइटमा राखिएकै दिन कार्यान्वयन गर्नुपर्नेछ । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचना अनुसारको काम कारवाही सोही दिन सम्पादन नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था तथा जिम्मेवार अधिकारी जवाफदेही हुने छन् ।	**खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेबसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा :** इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्थामा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई यस बैंकको वेबसाइट **http://acstatus.nrb.org.np** मा राखिने व्यवस्था रहेको छ । उक्त वेबसाइटमा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि User ID र Password बैंक तथावित्तीय संस्थानियमन विभागबाट प्रदान गर्ने व्यवस्थाभएकोले सम्बन्धित संस्थाले त्यस्तो User ID र Password लिई यस बैंकको वेबसाइटको उक्त ठेगानामा राखिने सूचना/निर्देशनलाई आधिकारिक मानी वेबसाइटमा राखिएकै **दिन संलग्नपत्रानुसारको काम कारबाही सम्पादन गरी सो को विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने छ । खाता रोक्का गर्दा सम्बन्धित व्यक्ति /फर्म/ कम्पनीको सम्पूर्ण खाताहरु रोक्का गर्नुपर्नेछ । तर कुनै वा केही खातामात्र रोक्का गर्न तोकिएको हकमा सोही खातामात्र रोक्का गर्नुपर्ने छ** । सो सम्बन्धमा फ्याक्स तथा पत्राचार नगरिने र वेबसाइटमा भएको सूचनामा संलग्नअनुसारको कामकारवाही सोहीदिन सम्पादन नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था तथा जिम्मेवार अधिकारी जवाफदेही हुने छन् ।
१२५.	इ.प्रा. निर्देशन नं.२१ को	२२ चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्था:	२२ चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्था:

	बुँदा नं. २२ को उपबुँदा १ को खण्ड ख हटाईएको ।	१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. १० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नु पर्नेछ । साथै, फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा खिचिएका चेकहरुको भुक्तानी समेत एकाउन्टपेयी हुनु पर्नेछ । तर, देहायको अवस्थामा उल्लेखित सीमाभन्दा बढीको रकम नगद भुक्तानी गर्न बाधा पर्ने छैन: (ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न, र	१. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले रु. १० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत् वा सम्बन्धित व्यक्तिको खातामा मात्र भुक्तानी गर्नु पर्नेछ । साथै, फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा खिचिएका चेकहरुको भुक्तानी समेत एकाउन्टपेयी हुनु पर्नेछ । तर, देहायको अवस्थामा उल्लेखित सीमाभन्दा बढीको रकम नगद भुक्तानी गर्न बाधा पर्ने छैन: (ख) हटाइएको ।
१२६.	इ.प्रा.निर्देशन नं.२१/०७८ को बुँदा नं ४२ हटाई क्रमसंख्या मिलान ।	४२. कोभिड १९ को जोखिम नियन्त्रण एवं यस महामारीबाट अर्थतन्त्रमा परेको प्रभावबाट वित्तीय क्षेत्रमा परेको/पर्न सक्ने असर न्यूनीकरण गर्न यस बैंकबाट जारी गरिएका परिपत्र तथा सूचनाहरु अनुसूचि २१.२ मा एकत्रित गरिएको छ ।	हटाइएको ।
१२७.	इ.प्रा.निर्देशन नं.२१/०७८ को बुँदा नं ४७ हटाई क्रमसंख्या मिलान ।	कोभिड-१९ बाट प्रभावित ऋणीको हकमा ६ महिनाभन्दा बढीको ब्याज बक्यौता नरहेको अवस्थामा धितो लिलामी प्रक्रिया २०७८ असार मसान्त सम्मका लागि स्थगन गर्नु पर्नेछ। यस प्रयोजनका लागि, कोभिड-१९ बाट प्रभावित ऋणीले आफ्नो उद्योग व्यवसाय तथा आयश्रोतबाट सम्पुर्ण किस्ता भुक्तान गर्न नसकि ब्याज बक्यौता मात्र चुक्ता गर्न चाहेमा सोको विवरण तथा विस्तृत जानकारी लिखित रुपमामाग गरी बैंक तथा वित्तीय संस्थाले किस्ताको ब्याज मात्र असूल उपर गर्ने व्यवस्था मिलाउनु पर्नेछ।	हटाइएको ।
१२८.	अनुसूची २१.२ हटाईएको ।	कोभिड १९ सँग सम्बन्धित एकीकृत परिपत्र र सूचना (मिति २०७८/०५/०८ सम्म)	हटाइएको ।

विद्यमान व्यवस्था

4.7.1: Analysis of loan and advances - By Product

	Group		Bank	
	Current Year	Previous Year	Current Year	Previous Year
Product				
Term loans				
Overdraft				
Trust receipt/Import loans				
Demand and other working capital loans				
Personal residential loans				
Real estate loans				
Margin lending loans				
Hire purchase loans				
Deprived sector loans				
Bills purchased				
Staff loans				

Other				
Sub total				
Interest receivable				
Grand total				

संशोधित व्यवस्था

4.7.1: Analysis of loan and advances - By Product

	Group		**Bank**	
	Current Year	Previous Year	Current Year	Previous Year
Product				
Long Term loans				
Personal				
Business				
Working Capital				
Overdraft (Personal)				
Trust receipt/Import loans				
Cash Credit Loan				

Short Term WC/Demand Loan

Personal residential loans

Real estate loans

Margin lending loans

Hire purchase loans

Auto Loan

Deprived sector loans

Bills purchased

Staff loans

Other

Sub total

Interest receivable

Grand total

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त“क”, “ख” र “ग”वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ मा संशोधन/परिमार्जन/थप सम्बन्धमा ।

विद्यमान व्यवस्था

ने.रा.बैंक निर्देशन फा.नं.९.१६क

.... लिमिटेड

निक्षेप र कर्जाको शाखागत विवरण (मासिक)

२० .... साल .... महिनाको विवरण

SN	Branch Code	Branch Name	Loans & Advances									Deposit							
			Long Term Loan	Overdraft	Trust Receipt/Import Loan	Cash Credit	Other Working Capital Loan (Short Term; Demand, Etc.)	Margin Loan	Bills Purchased	Credit Card	Funded - Others	Current	Saving	Fixed	Money at Call	Certificate Of Deposit	Margin	Others	Total
1																			
2																			

संशोधित व्यवस्था

SN	Branch Code	Branch Name	Loans & Advances									Deposit							
			Long Term Loan (Personal)	Long Term Loan (Business)	Long Term Loan (Working capital)	Overdraft (Personal)	Cash credit Loan	Trust receipt/Import loans	Margin Loan	Credit Card	Funded - Others	Current	Saving	Fixed	Money at Call	Certificate Of Deposit	Margin	Others	Total
1																			
2																			